म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २११ | बुधबार, २८ फागुन २०८१ | ने. सं. ११४५ चिल्लाथ्व | 12 March 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**रक्तदान गरौ**

- हाम्रो थोरै रगतले पनि अरुको ज्यान जोगिन सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्छ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान महादान र जीवन दान हो ।

आफूले पनि रक्तदान गरौं,
अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

### हेटौंडा अस्पतालमा मुटुरोग सेवा शुभारम्भ

## मुख्यमन्त्री भन्छन्: 'प्रदेश सरकार स्थापनापछि अस्पतालको सेवा बढ्यो'

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पतालमा विशेषज्ञ मुटुरोग सेवा शुभारम्भ गरिएको छ ।

मुटुरोगसम्बन्धी उपचार सहज रुपमा प्रदान गर्ने उद्देश्यले मंगलबारबाट कार्डियो ओपीडी सञ्चालनमा ल्याइएको हो । अस्पतालको भूइँतलामा रहेको ओपीडी विभागको सुभारम्भ बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङ, स्वास्थ्यमन्त्री किरण थापा लगायतको उपस्थितिमा गरिएको हो । टिचिङ कार्डियो मनमोहन भास्कुलरमा अध्ययन गरेका मुटुरोग विशेषज्ञ डा. विकेश श्रेष्ठबाट हेटौंडामा दैनिकरुपमा मुटुजाँच सेवा सञ्चालन हुने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर रामचन्द्र सापकोटाले बताएका छन् ।



क्याथ ल्यावको अभावले गर्दा अप्रेशन बाहेकका सबै मुटुको उपचार सेवा इसिजि, इको, टीएमटी, हल्टर, एविपी जस्ता परीक्षण हेटौडाबाटै हुने उनले बताए । कार्यक्रममा मुख्यमन्त्री लामाले प्रदेश सरकार स्थापना भएपछि हेटौंडा अस्पतालको सेवासुविधा बढ्दै गएको बताएका छन् । प्रदेश सरकारको औचित्यलाई स्वास्थ्यक्षेत्रमा भएको विकासले पुष्टि गरेको उनको भनाई छ । मुख्यमन्त्री लामाले प्रदेश सरकार मातहात आएकै कारण १३ वटै जिल्लाका अस्पतालको अवस्थामा सुधार हुँदै गएको जिकिर गरे ।

मुख्यमन्त्री लामाले हेटौंडामा नै क्याथ ल्याव सञ्चालनमा ल्याएर मुटुको अप्रेशन सेवा बिस्तारको लागि प्रदेश सरकारले पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । हेटौंडामै मुटुको अपरेशन हुनसके प्रदेशकै ठुलो सफलता हुने उनको धारणा छ । मुख्यमन्त्री लामाले स्वास्थ्यक्षेत्रमा राजनीति धेरै गर्न नहुने बताए । २० प्रतिशतमात्र राजनीति गरेर बाँकी काम गर्नुपर्ने मुख्यमन्त्री लामाको सुझाव छ । हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अलग गर्नुपर्ने आवाज उठिरहेको प्रसंगतर्फ संकेत गर्दै मुख्यमन्त्री लामाले नकारात्मक सोच राखेर काम नगर्न आग्रह गरे ।

त्यसैगरी स्वास्थ्यमन्त्री थापाले संघीयता लागु भएपछि विशेष गरी स्वास्थ्य, शिक्षाक्षेत्रले ठुलो फड्को मारेको दाबी गरेका छन् । हेटौंडा अस्पतालको सेवाबाट मकवानपुर जिल्लामात्र नभई मधेश प्रदेशका सर्वसाधारण पनि लाभान्वित भइरहेको उनको भनाई छ । मन्त्री थापाले हेटौंडा अस्पतालको स्तरोन्नतिको लागि प्रदेश सरकारले थप मेडिकल उपकरण समेत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

जनशक्तिको अभावमा कतिपय ठाउँमा आधारभूत अस्पताल सञ्चालन हुन नसकिरहेको उल्लेख गर्दै मन्त्री थापाले दूरचिकित्सा सेवा (टेलिमेडिसिन) मार्फत् उपचारपद्दति सुरु गर्ने अभियानलाई अगाडि बढाउने बताए । राजमार्ग केन्द्रित ट्रमा सेन्टर स्थापना गर्न मन्त्रालय लागिपरेको उनले उल्लेख गरेका छन् । मन्त्री थापाले चिकित्सकहरु कमीकमजोरी सुधार गरेर गुणस्तरीय स्वास्थ्य सेवा दिन आग्रह गरे ।

त्यसैगरी मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा. डा. प्रदीप ज्ञवालीले प्रादेशिक अस्पतालको सेवा बिस्तारसँगै निरन्तरता महत्वपूर्ण हुने बताए । सेवा विस्तारमा आएका छात्रवृत्तिका विशेषज्ञ डाक्टरलाई अस्पतालमा २ वर्ष टिकाउन पर्ने अवस्था रहेको उनले बताएका छन् । हेटौंडा अस्पतालमा कार्डियो सेवासँगै क्याथ ल्याव निर्माणको तयारीमा प्रतिष्ठानले काम अघि बढाउने उनले बताए । स्तरीय स्वास्थ्यसेवाका लागि प्रदेश सरकारले उपयुक्त बजेट व्यवस्थापन गर्नुपर्ने उनको भनाई छ ।

आगामी वर्षबाट प्रतिष्ठानमा एमबीबीएस कार्यक्रमका सञ्चालनको लागि ७५ प्रतिशत बजेट सुनिश्चित गर्नपर्ने भएकाले सरकारले उपयुक्त निर्णय गर्नुपर्नेमा उनले जोड दिए । उपमहानगर पालिकासँगको साझेदारीमा रोटरी क्लब अफ हेटौंडाले अस्ताललाई एकवर्ष अघि ८० लाख रुपैयाँ मूल्य बराबरको मुटु परीक्षण उपकरण उपलब्ध गराएको थियो ।

## बागमती सरकारले कानुनमार्फत् आयोजना अनुगमन, मूल्यांकन गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ बागमती प्रदेश सरकारले प्रदेशको लगानीमा सञ्चालन भएका आयोजनाको अनुगमन तथा मूल्यांकन गर्ने भएको छ ।

यसको लागि ऐन बनाएर जाने प्रदेश सरकारले तयारी गरेको छ । मंगलबार बसेको मन्त्रि परिषद्को बैठकले प्रदेश अनुगमन तथा मूल्यांकन सम्बन्धी विधेयकको मस्यौदा तर्जुमाका लागि सैद्धान्तिक सहमति प्रदान गरेको खानेपानी, उर्जा तथा सिंचाइमन्त्री श्यामबहादुर खड्काले जानकारी दिएका छन् । यसको साथै बैठकले अन्य ६ वटा प्रस्ताव पनि स्वीकृत गरेको छ । बैठकले नेपाल सरकारको नाममा भक्तपुर जिल्लास्थित नखेलमा रहेको १० रोपनी जग्गामध्ये ५ रोपनी जग्गा र सूर्यविनायक नगरपालिका वडा नम्बर ७ मा रहको ७ रोपनी ७ आना दुईपैसा जग्गा प्रशासनिककार्य सञ्चालनका लागि माग गर्ने निर्णय गरेको मन्त्री खड्काले बताए ।

खानेपानी क्षेत्रगत सूचना प्रणालीमा आधारित बागमति प्रदेशको स्थानीय तहको खानेपानी सरसफाई तथा स्वच्छता योजना तर्जुमासम्बन्धी कार्यविधि २०८१ स्वीकृत गरेको छ । त्यस्तै, चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम सञ्चालन निर्देशिका पहिलो संसोधन पारित गरेको छ । बैठकले प्रदेश बालअधिकार समिति सदस्यमा ५ जनालाई मनोनित गरेको छ ।

सदस्यहरुमा बालकल्याण समाज मकवानपुरका प्रकाश खतिवडा, सिविन बालहेल्पलाइन मकवानपुरका झविन्द्र ज्ञवाली, काठमाडौंका अन्जनी श्रेष्ठ, राजाराम सापकोटा, र चितवनकी मन्जु वैरागीलाई मनोनित गरेको मन्त्री खड्काले जानकारी दिए । बैठकले संघीय सरकारबाट सरुवा भएर आएका विनु बज्राचार्य र कृष्णबहादुर शाहीलाई जिम्मेवारी दिने निर्णय गरेको छ ।

## मनहरीमा सवारी दुर्घटना हुँदा १ महिलाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ मकवानपुरको मनहरी गाउँपालिकामा मंगलबार दिउँसो सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ ।

मनहरी गाउँपालिका वडा नं. ७ स्थित पूर्वपश्चिम सडकखण्डको रमनटारमा चितवनबाट मनहरीतर्फ आउँदै गरेको ग ११ प ९६२८ नं. को मोटरसाइकललाई सोही दिशाबाट आउँदै गरेको बा.प्र.०३-००१ क ०८२७ नं. को खाली मिक्सर ट्रकले ठक्कर दिँदा मोटरसाइकल पछाडि सवार महिलाको मृत्यु भएको हो । मृत्यु हुनेमा मोटरसाइकल चालक शिवकुमार चौधरीको श्रीमती ३४ वर्षीया सरितादेवी चौधरी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिएका छन् ।

त्यसैगरी दुर्घटनामा अन्य २ जना घाइते भएका छन् । घाइते हुनेहरुमा मोटरसाइकल चालक बाराका ३५ वर्षीय शिवकुमार चौधरी र अन्दाजी ५/६ वर्षका अन्श चौधरी रहेको प्रवक्ता अर्यालले बताए । उनीहरुको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । मिक्सर ट्रक र ट्रकचालक मनहरी गाउँपालिका-९ ज्यामिरे बस्ने ४९ वर्षीय धनबहादुर सुनार इलाका प्रहरी कार्यालय मनहरीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

## मकवानपुरमा २८ विद्यालयमा एसईईको केन्द्र निर्धारण




साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ यसवर्ष हुने एसइई परीक्षाका लागि मकवानपुरका २८ वटा विद्यालयमा परीक्षाकेन्द्र निर्धारण गरिएको छ ।

शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरले १० वटै स्थानीय तहका २८ वटा विद्यालयमा परीक्षाकेन्द्र निर्धारण गरेको हो । त्यसैगरी यसवर्ष मकवानपुरमा सामुदायिकतर्फ १ सय १२ र संस्थागत तर्फ ३७ विद्यालय गरी कुल १ सय ४९ विद्यालय एसइई परीक्षामा सामेल हुने समन्वय ईकाईप्रमुख सुदीप गिरीले जानकारी दिएका छन् । चैत ७ गतेबाट सुरु हुने परीक्षाको लागि उत्तरपुस्तिका र प्रश्नपत्र प्रहरीको समन्वयमा परीक्षाकेन्द्रमा पठाउने काम सुरू गरिसकिएको ईकाईप्रमुख गिरीले बताए ।

उनका अनुसार १/२ दिनमा परीक्षाकेन्द्रका केन्द्राध्यक्षलाई अभिमुखीकरण दिने कार्यक्रम रहेको छ । उनले संघ र प्रदेशबाट प्राप्त हुने उत्तरपुस्तिका र प्रश्नपत्र प्राप्त भइसकेको उल्लेख गरे । यसवर्ष मकवानपुरमा बागमती गाउँपालिका अन्तर्गत जनता मावि फापरबारी, बकैया गाउँपालिकाअन्तर्गत बुद्ध मावि हात्तीसुडें र महेन्द्र मावि छतिवन, जनकल्याण मावि पालुङ, महेन्द्र मावि भीमफेदी, मत्स्यनारायण मावि पालुङ, सरस्वती बालबोधीनी मावि मार्खु, बज्रबाराही मावि, राष्ट्रिय रोटरी मावि मनहरी, महेन्दकिरण मावि ज्यामिरे, महेन्द्रकिरण मावि हेटौंडा-३ बसामाडी, निर्मल मावि बस्तिपुर परीक्षा केन्द्र निर्धारण भएको छ ।

वंशगोपाल मावि चौघडा, आधुनिक राष्ट्रिय मावि हेटौंडा-४, ज्ञानदा मावि हेटौंडा-१०, बालज्योति मावि हेटौंडा-५ पिप्ले, सिद्धार्थ मावि हेटौंडा-२, भुटनदेवी मावि हेटौंडा-४, जिएस निकेतन हेटौंडा-५, सोलिड्यारिटी ईङलिश बोर्डिङ स्कुल हेटौंडा-१०, प्रगति मावि हेटौंडा-९, जनप्रिय मावि हेटौंडा-१६, अमर मावि हेटौंडा-१, श्रमिक मावि हेटौंडा-४, चन्द्रोदय मावि हेटौंडा-८ र प्रजाजागृति मावि राक्सिराङ र कैलाश गाउँपालिका-९ नामटारमा रहेको कालिका मावि गरी २८ परीक्षाकेन्द्र निर्धारण गरेको छ ।

गतवर्ष २६ परीक्षा केन्द्र रहेकोमा श्रमिक मावि हेटौंडा-४ र कैलाश-९ नामटारमा रहेको कालिका माविमा नयाँ केन्द्र थप गरिएको हो । योसँगै यसवर्षबाट मकवानपुरको सबै (१० वटै) स्थानीय तहमा एसईई परीक्षाकेन्द्र निर्धारण गरिएको छ । श्रमिकमा माविमा मकवानपुरका प्राविधिक धारमा पढाइ हुने विद्यालयको मात्र परीक्षाकेन्द्र निर्धारण गरिएको एकाई प्रमुख गिरीले जानकारी दिए ।

## अब सवारी दर्ता किताव बोकेर हिड्न नपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ यातायात सेवा कार्यालय हेटौंडाले सवारीसाधनको विद्युतीय अभिलेख (डिजिटाइजेसन) गर्न थालेको छ ।

सवारीसाधनको 'रेकर्ड' खोज्न सहज होस् र नवीकरण गर्न कार्यालय नै धाउनुपर्ने बाध्यताको अन्त्य गर्ने उद्देश्यले कार्यालयमा दर्ता रहेका सवारीसाधनको अभिलेखिकरण गर्न थालिएको कार्यालय प्रमुख प्रवीण श्रेष्ठले जानकारी दिए । केही दिनअघि बागमती प्रदेश सरकारका श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले सवारीसाधनको अभिलेखिकरणको शुभारम्भ गरेका थिए । यसका लागि कर्मचारीले सवारीको कागजात तथा तथ्यांक प्रविष्ट गर्नेकार्य गरिरहेको प्रमुख श्रेष्ठले बताए ।

सबै सवारीसाधनको विद्युतीय अभिलेख राखिसक्ने र अनलाइनबाटै सवारीसाधनको कर तिर्न सकिने तथा ब्लूबुक बोक्नु नपर्ने अवस्था निर्माण हुने प्रमुख श्रेष्ठको भनाइ छ । कार्यालयप्रमुख श्रेष्ठका अनुसार यो कार्यालयमा दुई पाङग्रे, तीन पाग्रे र चारपाङग्रे गरी करिब ५१ हजार सवारी दर्ता छन् । ती सबै सवारीसाधनको तीन-चार महिनाभित्र अभिलेखको काम सकिने गरी काम भइरहेको उनले बताए ।

## घरघरमै पुगेर व्यक्तिगत घटना दर्ता

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ जन्म र मृत्यु अर्थात् सुख र दु:खको क्षणमा नागरिकलाई स्थानीय सर कारको अनुभूति दिलाउनेगरी मकवानपुरको मनहरी गाउँपालिका-७ वडा कार्यालयले घरदैलो अभियान सुरु गरेको छ ।

वडा कार्यालयले नागरिकको घरदैलोमा पुगेर जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्तालगायत व्यक्तिगत घटना दर्ता प्रमाणपत्र वितरण गर्न घरदैलो अभियान सञ्चालन गरेको हो । वडाभित्र जन्मिने शिशुको जन्मदर्ता र केही व्यक्तिको मृत्यु भएमा मृत्यु दर्ता प्रमाणपत्र दिने वैधानिक व्यवस्थालाई घरदैलोमै पुऱ्याउन घरदैलो अभियान सञ्चालन गरिएको मनहरी-७ का वडाध्यक्ष ठाकुरराम तितुङले जानकारी दिए ।

व्यक्तिगत घटना भएको ३५ दिनभित्र घटना वडा कार्यालयमा दर्ता गराउनुपर्ने कानुनी व्यवथा भएकाले नागरिकलाई निर्धारित समयमै व्यक्तिगत घटना दर्ता प्रमाणपत्र वितरण वडा कार्यालयले घरघरमा पुग्न थालेको उनको भनाइ छ । यसबाट नागरिक्ले घरघरमै स्थानीय सरकारको अनुभूति गर्ने र जरिवानामा समेत नपर्ने वडाध्यक्ष तितुङले बताए । वडाभित्र रहेका टोल विकास संस्था र वडाका जनप्रतिनिधि मार्फत व्यक्तिगत घटनाको विवरण संकलन गरी परिवारका सदस्यसँग समन्वय गरेर घटनाको सूचक खडा गर्ने बताइएको छ ।

घटना दर्ता प्रमाणपत्र व्यक्तिको घरमै पुगेर उपलब्ध गराउन थालिएको वडाअध्यक्ष तितुङले बताए । शिशु जन्मेको व्यक्तिको घरमा पुगेर जन्मदर्तासँगै सुत्केरी स्याहारका लागि पौष्टिक सामग्री तथा मृत्यु भएर शोकमा बसिररहेकाको घरमा फलफूल तथा श्रद्धाञ्जलीपत्र बोकेर जाने गरिएको उनको भनाइ छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा


# आय बढाउन सरकारको कमजोर लगानी

राजश्व संकलन गर्ने मामलामा सरकारको लगानी कमजोर देखिएको छ । राजश्व संकलन गर्न सकिने क्षेत्रको अध्ययनमा सरकारले लगानी गर्न सकेको छैन । यो समस्या प्रदेश सरकार र स्थानीय सरकारमा पनि छ । सम्भाबित क्षेत्रको अध्ययन हुनै सकेको छैन । बागमती प्रदेश सरकारले राजश्व संकलनको क्षेत्र निर्धारण गर्न र आन्तरिक आय बढाउन कार्यदल गठन गर्ने भएको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले राजस्व चुहावट, संकलन व्यवस्थापन तथा दर र दायरालाई व्यावहारिक तथा वैज्ञानिक बनाउने गरी नेपाल सरकारका पूर्वसहसचिव किशोरजंग कार्कीको संयोजकमा ५ सदस्यीय कार्यदल बनाएर काम गर्ने भएको हो । प्रदेशको आर्थिक विकास र समृद्धिका लागि आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्ने गरी कार्यदल बनाएर अध्ययन थाल्ने मन्त्रालयले जनाएको छ । प्रदेशको नीति तथा योजना आयोगको पहलमा कन्सल्ट्यान्ट मार्फत कार्यदल निर्माण गरी प्रदेशको राजस्व र खर्चको अवस्था विश्लेषण गर्ने तयारी भइरहेको आयोगका उपाध्यक्ष डा.गंगादत्त नेपालले जानकारी दिएका छन् । कार्यदलले आगामी वैशाख १५ भित्रमा अध्ययन प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गर्नुपर्ने छ ।

कार्यदलको रिपोर्टलाई आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्ने तयारी रहेको छ । प्रतिवेदन अनुसार आगामी आर्थिक वर्षको बजेट कार्यक्रम र राजस्वका दर तथा दायरा निर्धारण हुनेछ । प्रदेश सरकारलाई स्रोतको अनुकूल प्रयोग, करनीति सुधार र आर्थिक प्रणालीलाई मजबुत बनाउन मद्दत पुग्ने गरी कार्यदलले अध्ययन प्रतिवेदन तयार गर्ने मन्त्रालयले जानकारी दिएको छ । कार्यदलले अध्ययनमा सम्भावित करसंरचना सुधार, व्यापारिक गतिविधिको प्रोत्साहन र आर्थिक स्रोतको उत्तम व्यवस्थापनका उपाय समेटिने भनाइ छ । प्रदेशको आन्तरिक राजस्व बढाउन, असंगठित क्षेत्रलाई औपचारिक बनाउने र दीर्घकालीन आर्थिक स्थिरता कायम राख्नका लागि यसले महत्वपूर्ण भूमिका खेल्ने बताइएको छ । प्रदेशका आर्थिक र राजस्वका स्रोतको गहिरो मूल्यांकन, राज्यका उत्पादन र सेवाको वृद्धिमा जोडदिने उपाय अन्वेषण गर्ने गरी कार्यदलले काम थाल्ने बताइएको छ । संघीय सरकारले निर्धारित गर्ने करनीति र आर्थिक निर्णयबाट प्रभावित प्रदेशको आर्थिक योजना, प्राविधिक कार्यहरु व्यवस्थित गर्न कार्यदलको प्रतिवेदन महत्वपूर्ण हुनेछ । कार्यदलले प्रदेशको राजस्व सुधारको योजनासहित खर्च व्यवस्थापनको विषयमा समेत अध्ययन गर्नेछ । प्रदेशको आयस्रोत धेरै नहुँदा बजेटका लागि संघीय सरकारमै निर्भर हुनु परेकाले बजेटमाथिको अस्वाभाविक भार कम गर्न संरचनागत सुधारका लागि सुझाव पेस गर्नेगरी कार्यदलले काम गर्ने बताइएको छ ।

कार्यदलले सरकारको खर्च व्यवस्थापन, संरचनागत सुधार, नीति तथा कानुनलाई अनुकूल बनाउने बारेमा अध्ययन गर्नेछ । चालु र प्रशासनिक खर्च बढिरहेको छ । संघमा आश्रित बजेट भएकाले त्यसको सदुपयोग गर्ने विषय महत्वपूर्ण रहन्छ । आन्तरिक आयस्रोत व्यवस्थापन, छुट तथा सुविधाका विषय निर्धारण, छुटेका र महत्वपूर्ण विषय समेट्ने विषयमा कार्यदलले अध्ययन गर्ने जनाइएको छ । प्रदेशको आर्थिक विकासको सम्भावनाको खोजी तथा उपयुक्त बजेट कार्यक्रम तर्जुमा र टुक्रे योजनाको व्यवस्थापन बारेमा कार्यदलले सुझाव दिने बताइएको छ । चालु आर्थिक वर्षमा ६४ अर्बको बजेट विनियोजन गरेर कार्यान्वयन गरिरहेको प्रदेश सरकारको ६ महिनामा राजस्व संकलन दर न्यून रहेकाले यो विषयको सुधारमा दस्तावेज महत्वपूर्ण हुने मन्त्रालयको विश्वास छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको ६ महिनामा कुल बजेटको १६ प्रतिशत खर्च र लक्ष्यको २७ प्रतिशत मात्र राजस्व संकलन गरेको छ ।

# पदको दम्भ र दुरुपयोग निस्तेज पार्न जरुरी



✍ बालकृष्ण मैनाली

देशमा देखा परिरहेका वर्तमान बेथिति र भविष्यमा देखिने बेथितिसमेतको अन्त्य गर्ने बाचाबन्धन गरेर देशको प्रधानमन्त्री बन्न पुगेका प्रधानमन्त्री स्वयंले देश कसले चलाइरहेको छ भन्ने प्रश्न तेर्सिन पुग्ने अवस्था पदको दम्भ र दुरुपयोगको कारण नै सिर्जना भएको हो । मुखले नबोले पनि देशको परिवेश र अवस्थालाई हेर्दा धेरै वर्षदेखि देश जनताको चाहनाअनुसार चलिरहेको छैन भन्ने कुरामा धेरै जन एकमत छन् तर त्यो कुरालाई धेरै जनले सटिकरुपमा सम्बोधन गर्न सकेका छैनन् । यसमा विविध व्यक्तिगत तथा अन्य कारणहरु हुन सक्लान् ।

तथापि पदको दम्भ र दुरुपयोगलाई निस्तेज गरी देशलाई सही मार्गमा ल्याउने हो भने अब अर्थपूर्ण आन्दोलनको विकल्प देखिँदैन । राजावादीहरु त्यसै सलबलाएका होइनन्, यिनै दलीय व्यवस्थामार्फत मुलुकलाई स्वीट्जरल्यान्डको तहमा पुर्‍याउँछु भन्दै कसम खाएकाहरुले देशलाई यो हबिगतमा पुर्‍याएका कारण राजावादीहरुको मनोबल बढ्न पुगेको कुरामा कतै विमति छैन । लाखौँको संख्यामा फर्जी चालक अनुमतिपत्र वितरण त्यत्तिकै भएको होइन ।

अर्बौंको भ्रष्टाचार त्यत्तिकै भएको होइन । अर्बौंको बेरुजु त्यत्तिकै भएको होइन । पछिल्ला प्रतिवेदनहरुले यो कुरालाई प्रमाणित गरिरहेका छन् । मिल्ने भए महालेखापरीक्षकको प्रतिवेदन पनि यिनीहरुले लुकाएर राख्थे । त्यस्तै विभिन्न काण्डहरु पनि त्यत्तिकै भएको होइन । किनकि बलियो सरकारको उपस्थिति भएको भए त्यसको माध्यमबाट भ्रष्ट र भ्रष्टाचारका कुनै पनि पाइलालाई टेक्न दिइने थिएन । कथंकदाचित टेकिहालेको अवस्थामा पनि बेलैमा सार्थक सम्बोधनमार्फत छिनोफानो भइसक्थ्यो ।

त्यस्तो हुन सकेको भए देशको प्रधानमन्त्रीबाट देश कसले चलाइरहेको छ भन्ने प्रश्न आउनुको सट्टा देश जनताको सहयोगमार्फत मैले हाँकिरहेको छु भन्ने सन्देश प्रवाह हुन्थ्यो होला । २०४६ पछि सत्तामा वा सरकारमा जो पुगे तापनि देश उनीहरुले चलाएका छैनन् वा चलाउन पाएका छैनन्, यो सत्य हो । यो कुरालाई जनजनले पटक-पटक उठाइनै रहेका थिए ।

पछिल्लोपटक प्रधानमन्त्री पदमा आसीन हुन सौभाग्य प्राप्त गर्न पुगेका केपी शर्मा ओलीले देशलाई आफूले पनि चलाउन नसकेको कुरालाई स्वीकारोक्तिका माध्यमबाट सम्भवत: थोरै नै भए पनि आफ्नो अन्तरात्माको आवाजलाई प्रस्फुटित गर्न पुगे । यस कुराले केही हलुका अनुभूति लिन सफल भएको अर्थमा लिइए तापनि पछिल्लो घटनाक्रमका समाचारहरुले उनको त्यो अन्तरात्माको आवाज पुन: विलीन हुन पुगेको छ ।

वास्तवमै नेपाली जनहरु पटक-पटकको दलीय धोखाघडीबाट आजित भैसकेका छन् । सेवामुखी राजनीतिको नाममा प्रवेश गरेका यो वा त्यो नामका व्यक्तिहरुले राजनीतिको खोल ओढेर गरेका कुकर्महरु बारम्बार छरपस्ट भइरहेका छन् । सामाजिक सञ्जालमा प्रवेश गरेर आफूले पोस्ट गरेका कुराहरुबाट कहीँ कतै कानुनी अवज्ञा भए तापनि सजाय सहन तयार भएर दलीय नेताहरुका बारेमा उनीहरुले अपनाएका गलत नीति र गलत कामहरुका बारेमा टीकाटिप्पणी हुँदै आइरहेका छन् ।

किन त्यसो हुन पुगेको हो ? दलीय नेताहरुलाई त्यसबारेमा सोच्ने अलिकति पनि फुर्सद छैन । बरु उल्टो त्यसलाई नियन्त्रण गर्न अध्यादेशमार्फत जमर्को भइरहेको छ । पक्कै पनि स्वतन्त्रताको नाउँमा छाडा अभिव्यक्ति हुनुहुँदैन । त्यो सत्य हो तर किन त्यसरी उच्च ओहदामा रहेका व्यक्तिहरुका बारेमा छाडारुपमा अभिव्यक्तिहरु सार्वजनिक भैरहेका छन् भन्नेबारे गहनरुपमा कहिल्यै अनुसन्धान भएन ।

२०४६ पछि देशमा प्रायोजितरुपमा गराइने थरीथरीको आन्दोलनलाई जनआन्दोलनको नामकरण गरी त्यसलाई भजाएर आफ्नो राजनीतिक स्वार्थ पूरा गर्ने बानी परेका राजनीतिक व्यवसायीहरुले जनताको चाहना पूरा गर्छु भनेर जति गुलियो अश्वासन बाँडी सत्तामा पुगे तापनि सत्तामा पुगेपछि आफ्नो दम्भको प्रदर्शनमा अलिकति पनि कतै कमी ल्याउने कार्यसम्म गर्न सकेनन् । केही सद्‍गुणी पात्रले त्यो धृष्टता गरि हाल्यो भने यसले मेरो खुट्टामा बन्चरो हान्न आयो कि भन्ने चिन्ता र छटपटाहटले कसरी उक्त पात्रलाई थाङ्नामा सुताउने भन्ने कुराले बारम्बार घर गरिरहेको हुन्छ । यस कारणले नै देश यो अवस्थामा पुगेको हो भन्न संकोच मान्नुपर्दैन ।

देशको सत्ता सञ्चालन गर्ने व्यक्तिहरुमा इमानदारिता, नम्रता र धैर्यता यी तीन गुणहरु हुनै पर्दछ । यदि कुनै पनि शासकमा दम्भ प्रदर्शन गर्ने बानी र पदको दुरुपयोग गर्ने बानीको विकास हुन पुग्यो भने देशको विकासले अग्रगामी बाटो समाउन सक्दै सक्दैन । वर्तमानमा हाम्रो देशलाई यस किसिमको रोगले नराम्रोसँग गाँजेको छ । रोग लाग्नु विशेषता हो । यदि रोगै नलाग्ने भए रोग भन्ने शब्दको उत्पत्ति नै हुने थिएन । रोग विविध कारणले लाग्छ ।

रोगका लक्षण थरीथरीका हुन्छन् र रोग यसलाई मात्र लाग्छ भन्ने छैन । बेलैमा विचार पुर्‍याउन सकिएन भने रोगले शरीरदेखि लिएर राष्ट्रलाई समेत च्याप्छ । रोगले च्यापेको शुरुवाती अवस्थामै उपचार गरेर रोगको जडलाई निर्मूल पार्न सक्यो र निर्मूल पारेको मितिदेखि उक्त रोग लाग्न नदिन सरसफाइ, व्यायामलगायत दिन, महिना वा वर्ष बिराएर औषधि नै प्रयोग गर्नुपर्ने भए पनि प्रयोग गरेर तन्दुरुस्त राख्न सक्यो भने उक्त रोगले फेरि हत्तपत्त आक्रमण गर्दैन । गरिहाले पनि समान्य औषधिमूलोले रोगलाई निर्मूल पार्न सकिन्छ ।

यो कुरा व्यक्तिमा मात्र नभई राष्ट्रको विषयमा पनि लागू हुन्छ । भ्रष्टाचाररुपी रोगले विश्वका प्रत्येक राष्ट्रलाई गाँजेको कुरामा विमति छैन, मात्र प्रतिशतको तल-माथि मात्र हो । कुन-कुन देशको भ्रष्टाचारको प्रतिशत कति छ भन्ने कुरा वार्षिकरुपमा निस्कने र निकालिने गरेका भ्रष्टाचारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवेदनहरुले बोलेका छन् । हाम्रो देशको सम्बन्धमा चाहिँ प्रत्येक वर्ष निस्कने यस्ता प्रतिवेदनहरुले नेपाललाई भ्रष्टाचाररुपी रोगले डर लाग्दो किसिमले धेरै वर्षदेखि गाँजिरहेको कुरालाई प्रत्येक वर्ष इंगित गरिँदै आएको छ र पछिल्लो प्रतिवेदनले पनि यही कुरालाई इंगित गरेको छ ।

धक र लाज नमानी भन्नुपर्दा हाम्रो देशमा भ्रष्टाचाररुपी रोगलाई निको हुन नदिन भ्रष्टाचारका जननीहरुले भ्रष्टाचारको भारमार्फत नै भ्रष्टाचारको भित्तोलाई ढलान गरी निर्माण गरिदिएका छन् । त्यसरी ढलान गरिएको भ्रष्टाचार भित्तोलाई फोर्न जेनतेन औजारले काम गर्दै गर्दैन । त्यसलाई फोर्न सशक्त औजारहरुको आवश्यकता पर्दछ । भ्रष्टाचारमा शून्य सहनशीलता भन्ने बोलीरुपी औजारले मात्र त्यो भ्रष्टाचारको भित्तो ढल्दै ढल्दैन ।

भ्रष्टाचारको भित्तो त्यत्तिकै बलियो भएको हुँदै होइन । त्यो भित्तोलाई पैसा, आफन्त, राजनीतिक बेइमानी र अदूरदर्शिता, सबैलाई मिसाएर ढलान गरिएको छ । यस किसिमको समिश्रणमार्फत ढलान भई बलियो र मजबुतसाथ उभिएको भ्रष्टाचारको भित्तो सितिमिति सामान्य औजारले चलाउँदैमा ढलिहाल्छ भन्ने कुराको जनजनले अहिले परिकल्पना गरिहालेका छैनन् । भ्रष्टाचारको भित्तो यति बलियो छ कि २०७२ सालमा गएको शक्तिशाली भूकम्पले पनि हल्लाउन त परै जाओस्, उल्टै भूकम्पको कारण त्यति बेला भित्रिएका विविध सेवा-सुविधामा पनि भ्रष्टाचारको भित्तोले थप रंगरोगन र सुसज्जित हुने सौभाग्य प्राप्त गरेको व्यहोरा जनजनलाई विदितै भइसकेको विषय हो ।

देशमा जुनसुकै दलका व्यक्ति प्रधानमन्त्री भए तापनि प्रधानमन्त्री भएको खुशीयाली जनतासँग साट्ने क्रममा आफ्नो वक्तव्य वा भाषणमा भ्रष्टाचार आफू पनि नगर्ने र अरुलाई पनि गर्न नदिने, यदि गरेको पाइएमा कडा कारबाही गर्ने कुराको उद्घोष गर्न कहिल्यै छुटेको हुँदैन । तर त्यो बोली व्यवहारमा लागू भएको जनजनले आजसम्म महसुस गर्न पाएका छैनन् । देशको प्रधानमन्त्रीले बोलेको कुरालाई कतै कार्यान्वयनमा ल्याउन सकिन्छ कि भन्ने आशयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मजबुतरुपमा ठडिएर रहिरहेको भ्रष्टाचारको भित्तोलाई कहिलेकाहीँ कोतर्ने प्रयास गरे तापनि अन्तत: त्यो धेरै प्रतिशतमा असफलतामा गएर टुंगिने गरेको छ ।

हुँदा-हुँदा पछिल्लोपटक आयोग गठन गर्ने, गठन गरिएको आयोगमा सकेसम्म आफूले भनेको मान्छेलाई पदाधिकारीमा राख्ने र यदाकदा जनताले विरोध गरेको अवस्थामा सम्बन्धित विषयको विशेषज्ञ नै राखेर आयोग गठन गर्ने परिपाटी विगतदेखि चलिआएको परम्परा कायमै छ ।

तत्पश्चात् आयोगले दिएको प्रतिवेदन आफू वा आफ्ना नातेदार वा आफूवरिपरिका दलका कार्यकर्ताहरुको अनुकूल आएमा तत्काल सार्वजनिक गरिहाल्ने तर प्रतिवेदन आफू वा आफ्ना नातेदार वा आफूवरिपरिका दलका कार्यकर्ताहरुको प्रतिकूल आएमा सकेसम्म गायब पार्ने, गायब पार्न नसकिए सार्वजनिक नगर्ने परिपाटीको विकास हुँदै गइरहेको छ ।

वास्तवमा देशलाई समृद्धिमा लाने हो भने भ्रष्टाचारको भारले ढलान भएको भित्तोलाई कुनै पनि प्रकारले ढाल्नै पर्दछ र त्यो भित्तोपछाडि लुकेर बसेका भ्रष्टाचारका जननीहरुलाई सार्वजनिकरुपमा नङ्ग्याई कानुनी कठघरामा उभ्याउनै पर्दछ । विनाराजनीतिक उथलपुथल त्यो कार्य सम्भव देखिँदैन । पैसा, आफन्त, राजनीतिक बेइमानी र अदूरदर्शिताको मिश्रणबाट ढलान गरिएको भ्रष्टाचारको भित्तो त्यत्तिकै ढल्दै ढल्दैन । त्यो भित्तो ढाल्न प्रत्येक सरोकारवालाहरुको इमानदारिता भयो भने मात्र सम्भव हुन्छ, अन्यथा त्यसले सार्थकता प्राप्त गर्न गाह्रो हुनेछ ।

आफू र आफन्त जोगाउनका निमित्त अख्तियारको क्षेत्राधिकारलाई कटौती गर्ने खालको कानुनको निर्माण, अनि मन्त्रिपरिषद्का जे-जस्ता निर्णयहरु पनि नीतिगत निर्णयको परिभाषाभित्र पारेर भ्रष्टाचारको भित्तो भत्काउन सकिँदैन । त्रिविको जग्गा छानबिन समितिको प्रतिवेदन सार्वजनिक हुन नसक्नु यसको पछिल्लो उदाहरण हो ।

विशेष गरेर सत्ताको चाबी जसले लिए पनि पैसा, आफन्त, राजनीतिक बेइमानी र अदूरदर्शिताको गन्जागोल मिलिभगतलाई तोड्न सकेमा मात्र देश समृद्धिको विकासमा अग्रसर हुनेछ । साँच्चै नै भ्रष्टाचारीहरुलाई कुनै पनि मोलाहिजा र छुट नदिई जहाँसुकै र हेबसेका भए पनि कारबाहीको दायरामा ल्याई तिनीहरुबाट राज्यले असुल गर्नुपर्ने सम्पत्ति असुल गरी राष्ट्रको नाउँमा ल्याउने कार्यको थालनी गर्ने हो भने भ्रष्टाचारीहरुबाट जफत भएको र गरिएको रकमले मात्र पनि देशलाई आवश्यक पर्ने धेरै वर्षको बजेटका लागि कसैसँग हात फैलाउनुपर्दैन । त्यसैले यसका लागि पदको दम्भ र दुरुपयोगलाई निस्तेज पार्न जरुरी छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# मुक्कुमलुङ दीर्घकालीन द्वन्द्वको कारण बन्ने जोखिम

✍ श्रवण शर्मा

द्वन्द्वका कारणहरू शुरूमा अपत्यारिला हुन्छन् । जाविया शहरबाट शुरू भएको लिवियाको उपेक्षित द्वन्द्वले कर्णेल गद्दाफीलाई विस्थापित गरिदियो । देख्दा, विश्लेषण गर्दा सामान्य लाग्ने परिघटनाहरूले दीर्घकालिक द्वन्द्वको रूप लिन सक्लान् र जस्तो लाग्नु स्वाभाविक हुन्छ । प्राज्ञिक र बौद्धिकहरूको उपस्थिति कम रहेको वा नभएको सरकार आफ्ना वरिपरि घुमिरहेको औपचारिक राजकीय सुरक्षा संयन्त्र र आफ्नो दलीय शक्ति विन्यासको क्षेत्राधिकारमा पूर्णत: विश्वस्त हुन्छ । र, सत्तामा बस्नेहरू ठान्छन्, आफ्नो निजी लोकप्रियताले स्यालुट पाइरहेको छ । सुरक्षा निकायहरू पनि सत्ताको लोकप्रियता मापन गरेर बसिरहेका हुन्छन् ।

सरकारका औपचारिक संयन्त्रहरू यस्ता हुन्, तिनले अमूक मन्त्री वा नेतालाई कारबाही हुनबाट त केही समयका लागि जोगाउँछन्, तर कारबाहीका लागि उठाइएको फाइल जलाउँदैनन्, कुनै कुनामा आफूपछि आउने अधिकारीले खोज्दा भेट्ने गरी राखिदिएका हुन्छन् । नेपालका नेताहरूले पालिरहेको डर यही हो । र, यही डरको मनोवैज्ञानिक आयामले द्वन्द्वको वातावरण तयार पारिरहेको छ । उदाहरणका लागि लिम्बूहरूमा आएको सांस्कृतिक जागरण त्यसका लागि आवश्यक प्राचीन सभ्यताको जगेर्नाका लागि संरक्षणको माग गरिएको मुक्कुमलुङ विवादलाई लिन सकिन्छ । सरकार त्यहाँ केबलकार बनाउने भन्छ, त्यहाँका नागरिकहरू केबलकार बनाउनुहुँदैन भन्छन् । केबलकार बनाउन सरकार बल प्रयोग गर्छ, नागरिकहरू प्रतिकार गर्छन् ।

केबलकार चाहिँदैन भन्नेहरूले स्पष्ट विचार राखिसकेका छन्, आफ्नो मुन्धुमी सांस्कृतिक धरोहरमाथि हस्तक्षेप हुनुहुँदैन भनेर । तर सरकार किन केबलकार चाहिन्छ भन्न सकिरहेको छैन । संसारमै कुनै खास समुदायका सांस्कृतिक धरोहरमाथि अहस्तक्षेपको नीति लिइएको हुन्छ । त्यस क्षेत्रको सांस्कृतिक अधिकार समुदायलाई नै दिने प्रचलनलाई संवैधानिक र कानूनी व्यवस्था गरिएको हुन्छ । नेपाल सरकारले ताप्लेजुङमा गरिरहेको बल प्रयोग र केबलकारको वकालत कुनै अदालतमा पनि पुष्टि हुन कठिन छ । नेपाल राज्यको रूपमा यसका असफलताहरू अब गणना गर्न नसकिने भइसकेका छन् । राज्य र सर्वसाधारण नागरिकहरूलाई जोड्ने संयन्त्र र मनोवैज्ञानिक बोधगम्यता निष्क्रिय भइसकेको छ ।

राजनीतिक दलहरूमा समाजसँग संवाद नगर्ने बरु डिक्टेट गर्ने प्रचलन पूर्णत: स्थापित छ । राज्य र नागरिक बीचका सम्बन्ध सञ्चालन गर्ने सूत्रहरूलाई दलहरूले तिरस्कार गर्नुको नतिजा सरकारसँग नागरिक आशा, अपेक्षा र सुरक्षा प्रत्याभूतिको सार प्राप्त हुनै छाडेको देखिन्छ । प्रधानमन्त्री आम जनतासँग संवाद गर्नुभन्दा छुद्र बोलेर सबैलाई चिढ्याउनमा आनन्द मान्छन् । सरकार मात्र नभएर सत्ताधारी दलका सांसदहरू नागरिक वेदनाप्रति तीक्ष्ण कटाक्ष गर्छन् । शासनबाट फाइदा प्राप्त गर्ने मान्छेहरूको एउटा सूची तयार पारिएको छ र सरकार त्यही सूचीभित्रका मान्छेहरूको सम्पत्ति उपार्जनका लागि मात्र काम गरिरहेको छ भन्न थालेका छन् र यसलाई पुष्टि गर्न ताप्लेजुङमा बनाउने भनिएको केबलकारलाई दृष्टान्तको रूपमा लिन्छन् मानिसहरू ।

संसारमै प्रश्न सोध्ने वैधानिक अधिकार संरक्षित छ । संक्षेपमा कुनै पनि प्रश्नको जवाफमा हो वा होइन भन्न सकिन्छ । तरह प्रधानमन्त्री, मन्त्री र सांसदहरू प्रश्न चित्त बुझ्नेन, यसको उत्तर दिन्न भन्न थालेका छन् । यसले के देखाउँछ भने प्रश्न पनि सत्तालाई चित्तबुझ्दो हुनुपर्छ । प्रश्नमै डिक्टेट गर्ने यो शैलीलाई लोकतान्त्रिक भन्न कदाचित सकिन्न । निर्वाचित संसद्बाट दलहरूका साना-ठूला झुण्ड बटुलेर बनाइएको सरकार नै लोकतान्त्रिक भन्नु राजनीतिशास्त्रको ज्ञान तिरस्कार गर्नु हो । लोकतन्त्र भन्नु उत्तरदायी, जवाफदेही सरकारी पद्धति हो । त्यहाँ प्रश्न अपेक्षित हुन्छ र उत्तर जवाफदेही तवरको । हामी लोकतन्त्र त भनिरहेका छौं, जहाँ नागरिक संयन्त्रहरू तिरस्कृत छन्, नागरिक समाज छिन्नभिन्न छ । असन्तुष्टि वा अपेक्षाहरूको औपचारिक छलफल गर्ने शान्तिपूर्ण परिधिहरू लगभग शून्य छन् । सत्ता वा सरकारले मानिसहरूलाई 'कि मित्र कि त शत्रु' ठान्न थालेको छ । यसले अनपेक्षित अवस्थालाई बढावा दिइरहेको छ ।

श्रम गर्न विदेश गएका सयौं नेपाली काठको कफिनमा आइसमा डुबाएर राखिएका छन् । अन्य हजारौं विभिन्न देशका जेलहरूमा जीवन बिताउँदै छन् । तिनलाई जेलबाट मुक्त गर्न, मृतकहरूको शव ल्याउन सरकारले कुनै काम गर्न सकिरहेको छैन । फेरि हामी भनिरहेछौं यहाँ अब्बल लोकतन्त्र सञ्चालित छ । भ्रष्टाचारका मुद्दाहरू नेपाली समाजलाई उद्वेलित गरिरहेका छन् । नागरिकहरू मात्र नभएर महालेखा परीक्षक समेत यहाँ-यहाँ यसरी भ्रष्टाचार भइरहेको छ भनिरहेको छ । तर सरकार त्यसलाई निरुत्साहित गर्न र आफूमाथिका आरोपमाथि आफैं अनुसन्धानको दायरामा आउन चाहँदैन ।

उल्टो ऊ भन्छ अमेरिकाको बैंकमा भएका आधा पैसा पनि मेरै हुन्, बेलायतमा भएका पनि मेरै हुन् । नागरिकहरू प्रश्न गरिरहेका छन्, 'ए त्यता पनि छ कि के हो हँ ?' नेपालमा सुरक्षा घेरामा बसेर पदको पगरी बाँधेको व्यक्तिका बकबकलाई नै लोकतन्त्र भन्नु परिरहेको छ । मानिसहरूले सरकारबाट सहानुभूति खोजेका थिए, आफ्ना माग उठाउनका लागि मञ्चहरू खोजेका थिए । दल र तिनका कार्यकर्ताहरूलाई कमजोरी र गल्ती गर्नबाट रोक्न सल्लाह र सुझाव दिन खोजेका थिए । या त यस्ता सुझाव-सल्लाह दिने मञ्च पाएनन्, कतै कुनै मञ्च वा सार्वजनिक स्थानमा कसैले केही बोलिहाल्यो भने त्यसलाई दल वा सरकारको विरोध मानियो । 'मित्र कि शत्रु' को सूत्र यहाँ पनि लागू गरियो । साथी बन्ने स्थान र अवसर नपाएपछि दुश्मन बन्ने बाध्यता आइलाग्छ मान्छेलाई ।

दु:ख दर्दले, परिवारको विखण्डनले, ऋण र अभावको पीडाले मानिसहरू तनावमा परिरहेका छन् । परिवारको तनाव घरको चार सुर काटेर समाजमा मिसिने क्रममा छ । मान्छेको दिमागमा समान किसिमका सेन्टिमेन्ट फ्युलिङ गर्ने तत्वहरू विस्तारित हुँदै गइरहेका छन् । यस अवस्थालाई द्वन्द्वको प्रारम्भिक अवस्था मान्न सकिन्छ । समाजको प्रत्येक तप्का आफ्ना वेदनाहरूको सुनुवाइ नहुनुको पीडा सहितका असन्तुष्टि पोखिरहेको छ । जनतासँग संवाद गरेर वेदना र असन्तुष्टिहरूको सम्बोधन गर्नभन्दा छुद्र बोलेर चिढ्याउन र दमन गरेर तह लगाउने सरकारी प्रयासले देशमा विस्तारै सामाजिक असहमति र वेदनाहरू उजागर हुँदैछन् । यसले द्वन्द्वको पूर्वाधार बनाउँदै लगिरहेको छ ।

संकेतहरूले भन्छन्, असन्तुष्टिहरू आक्रोशमा परिणत हुँदै गइरहेका छन् । आक्रोशले सामाजिक विद्रोहको पृष्ठभूमि तयार पारिरहेको छ । सामुन्ने दृष्टिगोचर सामाजिक द्वन्द्वलाई सरकारको यही क्षमताले सम्बोधन गर्न कठिन छ । यदि गरेन भने कम दबाबमा रहेका जातीय तनाव र सामाजिक विद्रोहहरूले उग्ररुप लिन सक्छन् । नेपाली समाज र सरकार बीचका असन्तुष्टिहरू गहिरिँदै गइरहेका छन् । मान्छेमा प्रतिरोधी भावना प्रस्फुटित भइरहेको देखिन्छ । सरकार आन्दोलन गर्न सक्ने युवा जमात नेपाल बाहिर रहेकाले यहाँ आन्दोलन सम्भव छैन भन्ने ठानिरहेको हुन सक्छ, तर नेपाल बाहिरका नेपालीहरूले यहाँको राजनीति, आन्दोलन र अपेक्षित सरकार प्रणालीको वैचारिकी प्रवर्द्धन गरिरहेका छन् । उनीहरूले यहाँ बस्ने आफ्ना परिवारका सदस्यहरूलाई उत्प्रेरित गर्न सक्छन् भन्ने बुझ्न चाहिरहेका छैनन् नेपाल सरकार र राजनीतिक दलहरू ।

भगवानका कृपाले सामाजिक र जातीय द्वन्द्वहरू शान्तिपूर्ण राजनीतिको परिधि बाहिर गएका छैनन् । सामाजिक र जातीय विरोधहरूले कसरी द्वन्द्वको रूप ग्रहण गर्छन् र शान्तिपूर्ण द्वन्द्वहरू कसरी हिंसामा परिवर्तन हुन्छन् त्यसका केही सैद्धान्तिक आयामहरू आम जानकारीका लागि राख्न चाहन्छु । नेपालको सामाजिक, सांस्कृतिक अन्तरसम्बन्ध, तिनीहरू बीचका विवाद, सामञ्जस्यता, नेपालको हिंसात्मक माओवादी विद्रोह, त्यसका कारण, परिणाम, प्राकृतिक स्रोत सापेक्षित र निरपेक्षित द्वन्द्वहरूमा मेरो लामो अध्ययनको एक निचोडका रूपमा पनि यो लेखलाई लिएको छु ।

जमिन, पानी र स्रोतहरूसँग सम्बन्धित विवादहरू पनि सतहमा आउन खोजिरहेका देखिन्छन् । संविधानले प्रस्तावित गरेको लोकतन्त्रको सबैभन्दा ठूलो उपलब्धि भनिएको धर्मनिरपेक्षता पनि द्वन्द्वको कारक भइरहेको छ । जुन रफ्तारमा विभिन्न समुदायहरूको सांस्कृतिक जागरण, सभ्यताको खोजी र त्यसका सामाजिक आयामहरूमा छलफल हुन थालेको छ यसले धर्मनिरपेक्ष राज्यसँग सामञ्जस्यता खोज्न कठिन हुँदै जानेछ । संख्या र सामाजिक संगठनको हिसाबमा हेर्ने हो भने हिन्दू, बौद्ध र किराँत वा मुन्धुम यिनै तीन धार्मिक दार्शनिकीले संरचना गरेका मनोवैज्ञानिक आयामहरू निर्देशित छ नेपाल देश । यो मनोवैज्ञानिक आयाम मूलधारका राजनीतिक दलहरूका मानसिक वस्तुस्थिति भन्दा पृथक देखिँदै गएको छ ।

*क्रमश: पृष्ठ-३...*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन २९ गते बिहीबार १३ मार्च २०२५ । चतुर्दशी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:१८, सूर्यास्त ६:११ । पहाडमा होली ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शुभ नतिजा आउनेछ | **तुला** | : घरेलु समस्याले सताउनेछ |
| **वृष** | : दिन रमाइलो हुनेछ | **वृश्चिक** | : आफन्तले धोका दिन सक्नेछन् |
| **मिथुन** | : मन खिन्न हुनेछ | **धनु** | : मनमा उमङ्ग बढ्नेछ |
| **कर्कट** | : शरीरमा स्फुर्ती बढ्नेछ | **मकर** | : रमाइलो छोटो यात्रा हुनेछ |
| **सिंह** | : घरायसी मेलमिलाप हुनेछ | **कुम्भ** | : काम गर्ने आत्मबल बढ्नेछ |
| **कन्या** | : पढाइलेखाइमा सफलता मिल्नेछ | **मीन** | : अरुको विश्वास जित्न सकिनेछ |

# ५ महिनादेखि जार र बोतल पानी अनुगमन शून्य, उपभोक्ताको स्वास्थ्यमा खेलाँची

काठमाडौं/नयाँबानेश्वर बस्ने दोलखाकी मनमाया तामाङलाई प्रत्येक दिन २० लिटरको एक जार पानी आवश्यक पर्छ । श्रीमान्, एक छोरा र एक छोरी रहेको उनको परिवारलाई पिउन र खाना बनाउन दिनको एक जार पानी चाहिन्छ । उनी डेरा नजिकैको पसलमा पानीको जार लिन जान्छिन् । आज मंगलबार बिहान पनि उनी जार लिन गएकी थिइन् । तर, कुच्चिएको र बाहिरबाट एकदमै फोहोर देखिने जारमात्र रहेको देखेपछि उनी पानी नकिनी फर्किइन् ।

तर, पानी त खानै पर्‍यो । उनी त्यहाँबाट सरासर अलिकति परको अर्को पसल पुगिन् र अघि देखेको भन्दा अलिकति सफा देखिने जारको पानी किनेर डेरातिर लागिन् । प्रशोधित खानेपानीका जार र बोतल प्रयोग गर्ने उपभोक्ताले बजारमा गुणस्तरीय खानेपानी पाइरहेका छन् कि छैनन् भन्ने यो एउटा सामान्य उदाहरण हो । काठमाडौं उपत्यकामा जारको पानीलाई सबैभन्दा बढी विश्वासिलो मानेर पिउनका लागि प्रयोग गरिन्छ । तर, काठमाडौं उपत्यकाका खुद्रा पसलदेखि स्टोरसम्म बेच्न राखिएका जार हेर्ने हो भने ती जारको पानी किनेर खान मन लाग्दैन । अधिकांश पसलमा बेच्न राखिएका जार थोत्रा, कुच्चिएका, मिति नटाँसिएका, दुई/तीन वटा स्टिकर टाँसिएका समेत देख्न पाइन्छ ।

पानी उत्पादक कम्पनीले प्रशोधन गरेर आफूहरूले पानी सिधै पिउनयोग्य बनाएको दाबी गर्छन् । अहिले उपत्यकामा घरभित्र मात्र होइन, चिया पसलदेखि ठूला तारे होटलमा जारकै पानी प्रयोग हुँदै आएको छ । उपभोक्ताले पनि जारको पानी ढुक्क भएर पिउने गरेका छन् । तर, यस्ता जारका पानीमा उद्योगको लापरबाहीका कारण बेलाबेला फोहोर, लेउ, किरो भेटिने गर्छ । उपभोक्तासम्म आइपुगेका पिउने पानीका जार राम्रोसँग सिल नभएको, जारलाई टेपले टालेर ल्याइएको पनि भेटिन्छ । पानी उद्योगीहरूले लगातार सर्वसाधारणको स्वास्थ्यमाथि खेलबाड गरिरहँदा सरकार भने सामान्य अनुगमनमा मात्रै सीमित छ ।

अनुगमनको मुख्य जिम्मेवारी पाएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले गत साउन, भदौ र असोज महिनामा बजार अनुगमन गरेको थियो । विभागले बजारमा पानीको अनुगमन गर्दा हरेक पटक केही न केही कैफियत भेटेको थियो । असोजमा खाद्यको अनुगमन टोली काठमाडौं टोखामा रहेको ग्रिनल्यान्ड मिनरल वाटर एन्ड बेभरेज प्रालि, रियल माउन्ट एभरेस्ट बेभरेज प्रालि, शरण मिनरल वाटर एन्ड बेभरेज प्रालि र सिटीवाटर एन्ड बेभरेज प्रालि पुगेको थियो । अनुगमन क्रममा यी उद्योगले सर सफाइमा ध्यान नदिएको, अनुमतिपत्र नवीकरण नगरेको, फोहोर र कुच्चिएका जार भेटिएको थियो । पानी उद्योगहरूमा यस्ता कैफियत भेटिँदा पनि अनुगमन टोलीले कुच्चिएको जार नष्ट गरेर सोही अनुसार निर्देशन मात्रै दिएर त्यसै छाडिदिएको थियो ।




### पानी गुणस्तरमा सम्झौता गरिएका उदाहरण बग्रेल्ती

२५ साउन २०८१ मा काठमाडौं अनामनगरस्थित किम्ची फास्टफुड एन्ड तन्दुरी रेस्टुरेन्टमा सिटी मिनरल वाटर एन्ड बेभरेज प्रालिले उत्पादन गरेको पानीको बोतलमा जिउँदो किरो भेटियो । काठमाडौं महानगरपालिकाका उपमेयर तथा अनुगमन समिति संयोजक समेत रहेकी सुनिता डंगोल उपस्थित कार्यक्रममा सहभागीलाई उक्त कम्पनीको पानी किम्ची रेस्टुरेन्टको लोगो टाँसेर वितरण गरिएको थियो । किरो परेको पानी भेटिएपछि महानगरले किम्चीलाई २ लाख रुपैयाँ जरिबाना तिराएको थियो । यतिमात्र होइन, काठमाडौं महानगरले पानीमा 'फिकल कोलिफर्म' भेटिएपछि विभिन्न ११ ब्रान्डका पानी बेच्ने कम्पनीको बिक्रीमा नै रोक लगाएर भदौ अन्तिम साता जनही २ लाख रुपैयाँ जरिबाना तिराएको थियो ।

महानगरले १२ देखि २८ भदौसम्म २१ कम्पनीका पानीको नमुना संकलन गरी परीक्षण गरेको थियो । तीमध्ये ११ कम्पनीको पानीमा कोलिफर्म भेटिएको थियो । महानगरका अनुसार फ्रेस ड्रप पानीमा फिकल कोलिफर्मको मान २३ 'कोलोनी फर्मिङ युनिट' (सीएफयू) देखिएको थियो । यो पानी टोखा नगरपालिका-८ स्थित पञ्चरत्न ग्रुपले उत्पादन गर्छ । त्यस्तै टोखा-८ को पिस स्प्रिङ वाटरको अक्वा पिसमा ८० र टोखाकै अक्वा एसएनएस बेभरेजको अक्वा टोखाको पानीमा ३० सीएफयू देखिएको थियो । यसैगरी कागेश्वरी मनोहरामा सञ्चालित उत्तरवाहिनी फुड एन्ड बेभरेजले उत्पादन गर्ने कोलभोतेश्वर ब्रान्डको पानीमा फिकल कोलिफर्मको मान ११६ सीएफयू देखिएको थियो । तीबाहेक गोकर्णेश्वरमा रहेको अक्वा सुन्दरी उद्योगको अक्वा डीबी, कागेश्वरी मनोहरा-६ को स्नो क्युब ड्रिंकिङ वाटरको अक्वा र गोकर्णेश्वरकै स्तूपा इन्डस्ट्रीका क्युब प्रोसेस ड्रिंकिङ वाटर बिक्री वितरणमा महानगरले रोक लगाएको छ ।

त्यस्तै बूढानीलकण्ठ कपनमा रहेको एमके मिनरल वाटर उद्योगले उत्पादन गर्ने अक्वा कपनमा फिकल कोलिफर्म मान ४ भेटिएको थियो । गोकर्णेश्वरको कोशी मिनरल उद्योगको अक्वा गौरीशंकरमा ३०० भन्दा धेरै सीएफयू भेटिएको थियो । काठमाडौं महानगरपालिकाले पनि पछिल्लो समय पानीमा धेरै गुनासो नआएकाले त्यति धेरै अनुगमन नगरेको जानकारी दिएको छ । महानगरको कृषि तथा पशुपन्छी विभाग प्रमुख नुरनिधि न्यौपानेले अहिले पानी सम्बन्धी गुनासो कम भएकाले अनुगमन नगरिएको बताए । चैत लागेपछि पानी अनुगमन तीव्र पारिने उनको भनाइ छ । 'अहिले जाडो महिनामा पानीसम्बन्धी उजुरी कम आएको छ, चैत लागेपछि पानीजन्य समस्या धेरै देखिन्छ, त्यतिबेला हामी अनुगमन तीव्र पार्छौं,' उनले भने, 'अहिले होटल तथा रेस्टुरेन्टमा अनुगमन भइरहेको छ ।'

### पानीको गुणस्तरमा बारम्बार प्रश्न

सरकारी अनुज्ञापत्र लिएर काठमाडौं उपत्याकामा मात्र जार र बोतलको पानी उत्पादन गर्ने ३ सय हाराहारी कम्पनी छन् । तिनले दिनहुँ लाखौं लिटर खानेपानी जार र बोतलमा राखेर बजारमा बेचिरहेका हुन्छन् । तर, उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष जोडिने खानेपानी जस्तो संवेदनशील पेयमा गुणस्तरबारे बारम्बार प्रश्न आइरहेको पाइन्छ । सरकारदेखि स्थानीय निकायसम्मले यस्ता खानेपानी उत्पादक उद्योगहरूमा विशेषगरी चाडबाडका बेला अनुगमन र गुणस्तर परीक्षण गर्ने गर्छन् । तर, चाडबाडका बेलामात्र हुने अनुगमनले पानी उद्योगहरूलाई गुणस्तर पालनामा छुट दिइएको सन्देश गइरहेको उपभोक्ताहरूको गुनासो छ ।

कृषि तथा पशुपन्छी मन्त्रालय अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जार तथा बोतलका खानेपानी उद्योगहरूको गुणस्तर अनुगमन गर्ने गरेको छ । तर विडम्बना, पछिल्लो ५ महिनादेखि विभागले जार र बोतलका पानीमा एक पटक पनि अनुगमन गरेको छैन । यसबाट उपभोक्ताको स्वाथ्यमा प्रत्यक्ष जोडिने विषयमा सरकार कतिविधि मौन बस्छ भन्ने प्रष्ट हुन्छ । विभागले गएको असोज तेस्रो सातादेखि फागुन तेस्रो सातासम्म जार तथा बोतलको खानेपानी अनुगमन नगरेको भेटिएको हो । तर, विभागका उपमहानिर्देशक सोमकान्त रिजाल गर्मी सुरु भएपछि पानीको अनुगमन दैनिक सुरु गरिने दाबी गर्छन् । उनका अनुसार अहिले पनि दैनिक अनुगमन भइरहेको छ ।

प्रशोधित पिउने पानी उत्पादन मापदण्ड सम्बन्धी निर्देशिकामा खानेपानी तथा बोटलिङ उत्पादनका लागि कम्पनीले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा त्यस मातहत कार्यालयबाट अनिवार्य रूपमा अनुज्ञापत्र लिनुपर्ने व्यवस्था गरिएको छ । विभागको तथ्यांक अनुसार विभागबाट अनुज्ञापत्र लिएर सञ्चालनमा आएका पानी उत्पादक कम्पनी ३ सय हाराहारी छन् ।

### यस्तो छ खानेपानीको गुणस्तर मापदण्ड

सरकारले पिउने पानीका लागि भौतिक, जैविक र रासायनिक गरी तीन मापदण्ड निर्धारण गरेको छ । भौतिकमा पानी धमिलो हुन नहुने, पानीमा स्वाद, रङ र गन्ध हुन नहुने उल्लेख छ । त्यस्तै जैविक मापदण्डमा रोग जन्माउने किटाणु र कोलिफर्म हुन नहुने र रासायनिकमा मात्रा मिलेको अत्यावश्यक खनिज तत्व हुनुपर्ने भनिएको छ ।

### पानी उद्योगले मापदण्ड पालना गरेका छन् : विभाग

विभागका उपमहानिर्देशक रिजालका अनुसार पानी उद्योगहरूले मापदण्ड अनुसार नै पानी उत्पादन गरिरहेका छन् । तर, समस्या भने पानी भर्ने जारमा देखिएको छ । वर्षायामका बेला पानी उद्योग बाढी पस्ने हुँदा त्यतिबेला धेरै समस्या देखिने उनी बताउँछन् । 'सबै उद्योगको पानीमा लापरबाही भेटिँदैन,' उपमहानिर्देशक रिजालले संचारकर्मीसँग भने, 'केही कम्पनीले पुराना र कुच्चिएका जारबाट पानी बिक्री गर्दा त्यसमा कोलिफर्मका जिवाणु भेटिएका हुन् ।' विभागले पानीको नमुना परीक्षण गर्दा धेरैजसो जारको पानीमा कोलिफर्म भेटिने गरेको छ । पानीको जार प्रयोगमा सरसफाइ नभएकै कारण कैफियत भेटिने गरेको रिजाल बताउँछन् । बोतलको पानीभन्दा पनि जारकै पानीमा बढी समस्या देखिएको उनको भनाइ छ ।

'एउटा कम्पनीको जार दोस्रो, तेस्रो कम्पनीले पनि प्रयोग गरिरहेका हुन्छन्, धेरै प्रयोग गरिएको जार पुरानो हुँदै जाँदा कोतरिने, कुच्चिने हुन्छरु,' उनी भन्छन्, 'कोतरिएको र कुच्चिएको जार राम्रोसँग सफा नहुने हुँदारुत्यसमा रोगका जिवाणुहरू भेटिन्छन् र त्यसबाटै पानीजन्य रोगहरू फैलिन्छन् । विदेशतिर एक पटक प्रयोग गरेका जार पुन: प्रयोग हुँदैनन् । हाम्रोमा थोत्रो हुँदासम्म प्रयोगमा आउने हुँदा धैरै समस्या देखिएको छ ।' उप-महानिर्देशक रिजाल कहिलेकाहीँ काम गर्दा उद्योगीमा विभिन्न समस्या आउने भएकाले त्यसमा सुधार गर्ने मौका पनि दिइने बताउँछन् ।

'जबसम्म उद्योगीहरूले उत्पादन गरेको खाद्यवस्तुले स्वास्थ्यमा समस्या देखिने अवस्था आउँदैन, तबसम्म कारबाही नै गर्नुपर्ने अवस्था रहँदैन,' रिजालले भने, 'सामान्य त्रुटिहरू सुधार गर्ने मौका उहाँहरूलाई हुन्छ, हामीले लाइसेन्स दिँदा नै मापदण्डमा बस्ने अवस्था सिर्जना गरेर दिएका हुन्छौं ।'

### जार र बोतलमा गुणस्तरहीन पानी बेचेर उपभोक्ताको स्वास्थ्यमा खेलबाड

उपभोक्ता अधिकारकर्मीहरू जार र बोतलमा गुणस्तरहीन पानी बेचेर उपभोक्ताको स्वास्थ्यमाथि ठाडै खेलबाड गरिएको बताउँछन् । उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना काठमाडौं उपत्यकामा अधिकांश जार र बोतलको पानी गुणस्तरहीन हुने गरेको र त्यही बेचेर उपभोक्ताको स्वास्थ्यमाथि खेलबाड गरिएको दाबी गर्छन् । 'उपत्यकाभित्र सञ्चालन भएका अधिकांश पानी उद्योगका जार र बोलतका पानी गुणस्तरहीन भएको तथ्य खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभागको र विभिन्न स्थानीय निकायले गरेको अनुगमनले पनि प्रमाणित गरेको छ,' तिमिल्सिनाले संचारकर्मीसँग भने, 'यो त हामी सबैले भोगेकै कुरा हो, बजारमा आउने अधिकांश जार पुराना, कुच्चिएका छन्, पानी खान घिन लाग्ने भाँडामा पानी बेचिएको छ । गुणस्तर कायम गर्ने कुनै प्रक्रिया अपनाइएको छैन ।'

उपत्यकामा बाध्यात्मक रूपमा जार र बोतलको पानी खानुपर्ने अवस्था रहेको उनी बताउँछन् । 'आम उपभोक्ताको मजबुरीमाथि उद्योगी-व्यवसायीहरूले खेलेर उपभोक्ताको स्वास्थ्यमाथि गम्भीर असर पर्ने खालका खानेपानी वितरण भइरहेको छ,' उनी भन्छन्, 'सम्बन्धित निकायले सबै कुरा थाहा पाएर पनि कारबाही नगर्दा यस्ता कैफियतहरू बारम्बार देहोरिएका हुन् ।'

खानेपानी जस्तो अत्यन्त संवेदनशील विषयमा सरकारको अनुगमन मौसमी भएको उनी बताउँछन् । 'अब गर्मी महिना सुरु हुन लाग्यो, गर्मीमा पानीकै कारणले आउँ, झाडापखाला जस्ता विभिन्न प्रकारका रोगहरू देखा पर्छन्,' उनी भन्छन्, 'यसलाई नियन्त्रण र नियमन गर्नुपर्ने दायित्व खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभागको हो, पछिल्लो समय अनुगमन एकाधभन्दा बाहेक शून्य छ ।' विभागले खानेपानी मापदण्ड पूरा नगरेका पानी कम्पनीलाई निर्बाध रूपमा चलन दिएको तिमिल्सिनाको आरोप छ ।

### काठमाडौं उपत्यकामा खानेपानी बाँड्ने केयूकेएल के भन्छ ?

संघीय राजधानी काठमाडौं उपत्यकामा काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) ले पानी वितरण गर्दै आइरहेको छ । केयूकेएलका प्रवक्ता प्रकाशकुमार राई काठमाडौं उपत्यकामा दैनिक ४३ देखि ४७ करोड लिटर पानी आवश्यक पर्ने बताउँछन् । 'हाम्रो अनुमानमा एक जना व्यक्तिले एक दिनमा १ सय लिटरदेखि १ सय ५० लिटर पानी प्रयोग गर्छ,' प्रवक्ता राई भन्छन्, 'जनसंख्याका आधारमा अहिले काठमाडौं उपत्यकामा दैनिक ४७ करोड लिटर पानीको माग भएको हाम्रो अनुमान छ ।'

उनका अनुसार केयूकेएलले उपत्यकामा दैनिक १६ करोड लिटर मात्र आपूर्ति गर्न सकेको छ । केयूकेएलले आपूर्ति गर्न नसकेको पानी ट्यांकर, जार, बोतल, इनार, बोरिङ लगायत स्रोतबाट आपूर्ति हुन्छ । उपत्यकामा पिउने पानी प्रशोधित (जारको पानी) ले सबैभन्दा बढी हिस्सा ओगटेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार काठमाडौंको मात्रै कुरा गर्ने हो भने यहाँको जनसंख्या २० लाख ४१ हजार ५ सय ८७ छ । यस हिसाबले पनि काठमाडौंमा जारको पानी धेरै मात्रामा खपत हुन्छ । नेपाल बोटल वाटर इन्डस्ट्रिज एसोसिएसनको अनुमानमा काठमाडौं उपत्यकामा दैनिक डेढदेखि दुई लाख गोटा पानीको जार बिक्री हुन्छ । काठमाडौं उपत्यकामा बोतल पानीको अधिकतम खुद्रा मूल्य प्रतिलिटर १६ रुपैयाँ पर्छ भने २० लिटर जारको पानीको ४७ रुपैयाँ पर्छ ।

### गुणस्तर मिचेका छैनौं : पानी व्यवसायी

प्रशोधित पानी उत्पादन गर्ने व्यवसायीहरूको संगठन नेपाल बोटल वाटर इन्डस्ट्रिज एसोसिएसन आफूहरूले उत्पादन गर्ने पानीको गुणस्तरमा कुनै किसिमको खोट नभएको दाबी गर्छ । एसोसिएसन महासचिव गोकुलबहादुर थापा आफैंले पनि प्रयोग गर्ने खानेपानीमा गुणस्तरसँग कुनै पनि किसिमको सम्झौता नगरिएको बताउँछन् । 'पानीमा क्वालिटी (गुणस्तर) को विषयमा कुनै सम्झौता हुँदैन,' उनी भन्छन्, 'हामीले उत्पादन गर्ने पानी गुणस्तरीय हुँदाहुँदै अनुगमन र परीक्षण गर्ने संस्थाले बजारबाट पानी संकलन गर्छन् र ती पानीमा कैफियत भेटिए उद्योगलाई नै कारबाही गर्छन्, यसले हामीलाई नै समस्या पार्ने गरेको छ ।' उनी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको निर्देशिका बमोजिम नै आफूहरूले पानी उत्पादन गरेर बजार पठाएको दाबी गर्छन् । उनका अनुसार काठमाडौं उपत्यकाभित्र करिब २ सय पानी उद्योग सञ्चालनमा छन् ।

*(स्रोत: अनलाइनखबर)*

# काठमाडौंं प्रिमियरमा 'अञ्जिला'लाई भनियो- 'उत्कृष्ट बायोपिक'



काठमाडौं/नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान एन्जिला तुम्बापो सुब्बाले फुटबल खेलाडी बन्न गरेको संघर्षको कथामा आधारित फिल्म 'अञ्जिला'को धरानपछि काठमाडौंमा प्रिमियर गरिएको छ । सोमबार ललितपुर स्थित लबिम हलमा आयोजित प्रिमियरमा फिल्मले उत्कृष्ट प्रतिक्रिया प्राप्त गर्‍यो । फिल्म हेरेर निस्किँदा फिल्मकर्मीदेखि सञ्चारकर्मीसम्मको आँखामा आँसु देखिएको थियो ।

प्रिमियरमा उपस्थित अधिकांशले नेपालमा बनेका बायोपिकमध्ये 'अञ्जिला' सबैभन्दा उत्कृष्ट रहेको दाबी गर्दै खेल खेले बिग्रिन्छ भन्ने सामाजिक सोचलाई छिचोल्दै एन्जिलाले फुटबल टिमको कप्तानसम्मको यात्रा गर्नु एउटा ठूलो युद्ध जितेभन्दा पनि कठिन रहेको र त्यो जीवनीलाई उत्कृष्ट रूपमा उतारिएको भन्दै निर्देशक मिलन चाम्सको प्रशंसा गरे ।

प्रिमियरका प्रमुख अतिथि सशस्त्र प्रहरी बलका महानिरीक्षक (आईजीपी) राजु अर्यालले 'अञ्जिला' नयाँ पिँढीका लागि प्रेरणा हुने बताए । उनले भने, 'हामीले सधैं एन्जिलाको खेल देख्यौं, उनको क्याप्टेनशिप देखेका थियौं तर, एन्जिला हुनुमा उनले कति सैर्ष गरेको रहेछ, कति पसिना र आँसु बगेको रहेछ भन्ने फिल्मले देखायो । यो फिल्म नयाँ पिँढीको लागि प्रेरणा हुन्छ ।'

फिल्म हेरेपछि भावुक हुँदै निस्किएकी अभिनेत्री केकी अधिकारीले फिल्मले आफ्नो मन छेडेर गएको प्रतिक्रिया दिइन् । 'महिलाले खेलकुदमा यो किसिमको एउटा सफलता पाउनुको पछाडिको संघर्ष के कस्तो थियो भन्ने विषय फिल्ममार्फत आएको छ,' उनले भनिन्, 'निर्देशकले सुन्दर रूपमा एन्जिलाको वास्तविक जीवनलाई सामाजिक मूल्यमान्यता अनुसार पर्दामा उतार्नुभएको छ ।'

प्रिमियरमा पूर्व आईजीपी दुर्जकुमार राई, पूर्व पुरुष राष्ट्रिय फुटबल टिमका कप्तान तथा एन्फाका पूर्व अध्यक्ष गणेश थापा, एन्फा महासचिव किरण राई, अभिनेत्री तथा मोडल अलिशा राई, निर्देशकहरू ज्ञानेन्द्र देउजा, नवल नेपाल, लक्ष्मण सुवेदी, सञ्चारकर्मी प्रकाश सुवेदी लगायतको पनि उपस्थिति रहेको थियो । प्रिमियरमा फिल्मको तर्फबाट अभिनेता दयाहाङ राई, निर्देशक मिलन चाम्स, निर्माता तथा कलाकार प्रेमकुमार श्रेष्ठ र सह-निर्माता विनोद अग्रवाल उपस्थित थिए । फिल्मको कथाकी पात्र तथा प्रमुख अभिनेत्री एन्जिला तुम्बापो सुब्बा व्यावसायिक फुटबल खेल्न ग्रिसमा र अन्य प्रमुख कलाकारहरू छायांकनमा व्यस्त भएकाले प्रिमियरमा उपस्थित हुन सकेनन् ।

निर्देशक मिलन चाम्सले प्रिमियरबाट प्राप्त प्रतिक्रियाले आफू अवाक् भएको बताए । 'मैले एन्जिलालाई 'तिमीले अभिनय नगर, जीवनमा जे भोगेको छौ त्यति नै देखाऊ' भनेको थिएँ । म आफैंले पनि हरेक पटक फिल्म हेर्दा भावुक हुने गरेको छु । यसपटक दर्शकको प्रतिक्रियाले रोएँ,' चाम्सले भने ।

फिल्ममा एन्जिला र दयाहाङसहित प्रेमकुमार श्रेष्ठ, सुनिल थापा, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ लगायतको अभिनय छ । एन्जिलाको फुटबलप्रतिको चाहना, घरबाहिर निस्कन गरेको सैर्षदेखि काठमाडौं आएर राष्ट्रिय टिमको कप्तान बन्दासम्मको कथा फिल्ममा छ । निर्माता श्रेष्ठले फिल्मको आम्दानीबाट एन्जिलाका लागि काठमाडौंमा घर बनाइदिने घोषणा गरिसकेका छन् ।

# 'महाभोज' जेठ १५ गते आउने, नेताको भूमिकामा आर्यन !

काठमाडौं/राष्ट्रिय अवार्ड विजेता दिनेश राउतको निर्देशनमा तयार भएको फिल्म 'महाभोज' गणतन्त्र दिवसको दिनबाट प्रदर्शनमा आउने भएको छ । मंगलबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै आगामी जेठ १५ गते बिहीबारलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो । सो मितिमा नेपालसहित विदेशमा फिल्म एकसाथ रिलिज हुने जनाइएको छ ।



ट्राइडेन्ट कन्सेप्टका रोयल भीमसेनले तयार पारेको पोस्टरमा फिल्मका प्रमुख कलाकारहरू गम्भीर भावमा चित्रित छन् । पोस्टरको केन्द्रमा आर्यन सिग्देललाई देख्न सकिन्छ । उनले शिरमा कालो टोपी र कोटमा नेपाली झन्डा अंकित लोगो झुन्ड्याएका छन् । यसले उनी नेताको भूमिकामा रहेको संकेत गर्छ ।

आर्यनको दायाँ र बायाँ खगेन्द्र लामिछाने र दयाहाङ राईलाई राखिएको छ । उनीहरूको अनुहारमा आक्रोश, पीडा र अन्यायको भाव देखिन्छ । उनीहरूसहित फिल्मका मुख्य अभिनेत्रीहरू अञ्जना बराइली, गौमाया गुरुङ र मलिका महत पनि पोस्टरमा चित्रित छन् । पोस्टरको पृष्ठभूमिमा भने नेपाली मुद्रा झल्किने डिजाइन छ, जसले आर्थिक असमानता र सत्ताको प्रभावलाई संकेत गर्छ ।

निर्देशक राउतले सामाजिक यथार्थपरक विषयमा फिल्म बनेको बताए । उनले भने, 'समाजमा हुने विश्वासघात र भ्रष्टाचारविरुद्धको कथा यसमा छ । सर्वसाधारणको जीवन र भरोसामाथि खेलबाड गर्नेविरुद्धको विद्रोही स्वर फिल्मले प्रस्तुत गर्छ ।' 'महाभोज' उनको आठौं फिल्म हो । उनको निर्देशित पछिल्लो फिल्म 'पूजार सार्की' सुपरहिट भएको थियो ।

क्लक वर्क क्रियशन र पिक्चर फ्रेमको संयुक्त निर्माणमा तयार भएको 'महाभोज'का निर्माता हिमाल कडरिया हुन् । उनले यसअघि 'नाङ्गो गाउँ' र 'दु:खी आत्मा' निर्माण गरेका थिए । फिल्मको स्क्रिप्ट 'पूजार सार्की' र 'प्रकाश'का लेखक विकास सुवेदीले लेखेका हुन् । यसमा राजेश श्रेष्ठको छायांकन, निमेष श्रेष्ठको सम्पादन, रोशन श्रेष्ठको द्वन्द्व तथा मौसम हिमालीको कोरियोग्राफी रहेको छ ।

# 'कर्मा'मा गीताञ्जली बनेकी उपासना

काठमाडौं/सौरभ चौधरीको निर्देशनमा तयार भएको फिल्म 'कर्मा'मा पहिलो पटक अभिनेता विपिन कार्की र अभिनेत्री उपासना सिंह ठकुरीले जोडी भएर काम गरेका छन् । केही हप्ताअघि विपिनको क्यारेक्टर लुक्स सार्वजनिक भएपछि धेरैमा उपासनाको लुक्सलाई लिएर चासो बढेको थियो । मंगलबार उनको पनि क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ ।

पोस्टरमा उपासना आकर्षक लुक्समा देखिएकी छन् । उनको मुहारमा खुसी र प्रेमभाव झल्किन्छ । उनको हेयर स्टाइल र पहिरन शैली हेर्दा उनी सहरी युवतीको भूमिकामा रहेको प्रष्ट हुन्छ । निर्देशक चौधरीका अनुसार फिल्ममा उनले गीताञ्जली पात्रको भूमिकामा अभिनय गरेकी छन् ।

एक्सन जनरामा निर्माण भएको 'कर्मा'मा विपिन एक्सन भूमिकामा प्रस्तुत छन् । यो उनको पहिलो एक्सनप्रधान फिल्म हो । तीन साताअघि सार्वजनिक क्यारेक्टर पोस्टरमा उनी बन्दुक लिएर एक्सन लुक्समा देखिएका थिए । फिल्ममा मुकुन भुसाल, दिव्यदेव लगायतको पनि अभिनय छ । मुकुन नकारात्मक भूमिकामा छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# मुक्कुमलुङ दीर्घकालीन...

दार्शनिक, आध्यात्मिक, सांस्कृतिक-राजनीतिक क्रियाकलाप मापन गर्दा नेपालको सरकार र राजनीतिक दलहरू जनअपेक्षित मान्यताभन्दा बिल्कुल पृथक रास्ता नापिरहेका देखिन्छन् । स्पष्ट भन्ने हो भने जनवाद, समाजवाद वा कम्युनिष्ट प्रेरित वैचारिकीले नेपाल हाँक्न खोज्ने यत्नले अब न त समाजका सदस्यहरू आकर्षित गर्न सक्छ, न सामाजिक र आर्थिक न्यायका मुद्दाहरूलाई सम्बोधन गर्न सक्नेछ ।

नेपाल त्यस्तो लोकतान्त्रिक व्यवस्था भोग गरिरहेको छ जहाँ संवाद, नेगोसिएसन, छलफलहरूका लागि कुनै स्थान छैन । नागरिकहरूको जीवनवृत्तिमा गरिने सुधारलाई राज्यको सबैभन्दा ठूलो जिम्मेवारी मानिने हो भने तलको प्रश्नमा ध्यान दिन आग्रह गर्दछु ।

सामान्य मानिसले जीवनको कुन आयाममा, कुन आयतनको र कुन आदर्शको लोकतन्त्र भोग गरि रहेका छन् ? अपेक्षित जीवन भोगाइमा उत्पन्न बाधाहरू नै द्वन्द्वका कारक हुने गर्दछन् भन्ने प्रमाणित सत्य हो । तल केही सैद्धान्तिक सन्दर्भहरू दिइएका छन्, तिनले सामाजिक, राजनीतिक, वस्तुगत अवस्था र त्यसका तात्कालिक र दीर्घकालिक प्रभावहरू आकलन गरेका छन् ।

शान्तिपूर्ण विरोधहरूमाथि ज्यादा दमन गरियो भने त्यसबाट आक्रामक समूह जन्मिन्छ । शान्तिपूर्ण विरोध आक्रामक हुँदै गएपछि त्यसले समाजका स्थायी अवयव र राज्यका संरचनाहरूलाई निस्तेज पार्दछ । राज्यका प्रशासनिक संरचनाले काम गर्न नसकेपछि राज्य सुरक्षा व्यवस्थामा भरपर्छ । यस विन्दुमा स्थानीय राजनीति फेल भइसकेको हुन्छ । ताप्लेजुङमा लगभग यस्तै देखिन्छ ।

दमनले विद्रोहीहरू बढी उग्र (र्‍याडिकल) हुँदै जान्छन् । र्‍याडिकलहरूले प्राप्त हुने सबै प्रकारका जुक्तिहरू प्रयोग गर्दछन् । जुक्ति र र्‍याडिकल संगठन दुवै निस्तेज गर्न सरकार झन् ठूलो बल प्रयोग गर्दछ । बल प्रयोगले हिंसा हुन्छ, हिंसाले प्रतिहिंसा जन्माउँछ । सरकारले आफ्ना वेदनाहरूको सम्बोधन नगरेपछि वेदनाप्रति आम आकर्षण बढाउन ठूला प्रदर्शन गरिन्छन् ।

*(साभार: अनलाइनखबर)*

# कुख्यात भारतीय अपराधी नेपाली राहदानी बोकेर काठमाडौंबाट फिलिपिन्स भागेको खुलासा

काठमाडौं, २७ फागुन/ भारतका एक कुख्यात अपराधी नेपाली नागरिकता र राहदानी बनाएर काठमाडौं हुँदै फिलिपिन्स भागेको खुलेको छ । भारतमा मोस्ट वान्टेड भएपछि सन् २०१८ मा नेपाल छिरेका जोगिन्दर गेओङ उर्फ जोगा डन केही वर्ष नेपाल बसेर धनुषा जिल्लाबाट जारी राहदानीका आधारमा विदेश भागेको खुलेको हो ।

जिल्ला प्रशासन कार्यालय, धनुषाबाट कान्त गुप्ताको नाममा जारी नागरिकताको आधारमा बनेको राहदानीबाट उनी फिलिपिन्स गएको पाइएको उच्च सुरक्षा स्रोतले संचार कर्मीसँग पुष्टि गरेको छ ।

भारतीय प्रहरीको अनुरोधमा गेओङविरुद्ध अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) ले रेड नोटिस जारी गरेको थियो । त्यसको आधारमा गेओङलाई फिलिपिन्सको स्थानीय प्रहरीले बाकोलोड सिटीमा पक्राउ गरेर १ फेब्रुअरीमा नयाँ दिल्ली डिपोर्ट गरेको थियो । त्यसपछि उनी बैंकक हुँदै दिल्ली पुगेका थिए । इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिने बित्तिकै उनलाई दिल्ली पुलिसको स्पेशल सेल र हरयाणा पुलिसको संयुक्त टोलीले पक्राउ गरेको थियो ।

गिरफ्तारीपछि दिल्ली पुलिसका अधिकारीहरुले गरेको सोधपुछका क्रममा उनले आफ्नो नेपाल कनेक्सनबारे खुलाएका थिए । त्यसपछि दिल्ली पुलिसले नेपालस्थित भारतीय दूतावासलाई समेत यसबारे खोजी गरिदिन अनुरोध गरेको स्रोतको भनाइ छ । 'काठमाडौंस्थित दूतावासले उनीबारे गृह मन्त्रालय र प्रहरीसँग चासो राखेको छ', उच्च सुरक्षा स्रोतले भन्यो, 'यो नेपालको राष्ट्रिय सुरक्षासँग समेत जोडिएका विषय भएकाले हामीले पनि जाँच थालेका छौं ।'

धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले चाहिँ यसबारे अनभिज्ञता जनाए । 'गृह मन्त्रालयबाटै छानबिन भइरहेको हुनसक्छ', उनले संचारकर्मीसँग भने ।

### अध्यागमनको रेकर्डमा भेटियो विवरण

स्रोतका अनुसार, भारतीय पक्षले चासो देखाएपछि सरकारी अधिकारीहरुले अध्यागमन विभागको रेकर्ड समेत हेरेका थिए । त्यस क्रममा धनुषाबाट जारी नागरिकता र राहदानीको आधारमा उनी सन् २०२० जुलाईमा काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फिलिपिन्सको राजधानी मनिला गएको भेटिएको स्रोतको भनाइ छ ।

'पछि २०२४ को फेब्रुअरीमा उनी फेरि काठमाडौं आएको देखिन्छ, १५ दिन बसेर उनी फर्किएका छन्', स्रोतले संचारकर्मीसँग भन्यो । भारतीय सुरक्षा अधिकारीहरुले नेपाल प्रहरीलाई दिएको जानकारी अनुसार, गेओङ पहिलो पटक सन् २०१८ मा नेपाल प्रवेश गरेका थिए ।

उनका दाइ सुरेन्द्र गेओङ ८ अप्रिल २०१७ मा हरियाणा प्रहरीसँगको मुठभेडमा मारिएपछि जोगिन्दर लुकिछिपी सीमा क्षेत्रमा बस्दै आएका थिए । दिल्ली पुलिसका अनुसार, लामो समयदेखि यी दाजुभाइ मिलेर भारतमा हत्या, अपहरण, फिरौती असुलीको धन्दा चलाउँदै आएका थिए । उनीहरुविरुद्ध कम्तिमा ३० वटा गम्भीर प्रकृतिको मुद्दा अदालतमा दर्ता थियो ।

भारतको अखबार दैनिक ट्रिब्यूनका अनुसार, सुरेन्द्र २३ मे २०१६ मा पेरोलमा छुटेपछि सम्पर्कविहीन भएका थिए, त्यही बेला उनी प्रहरी मुठभेडमा मारिएका हुन् । त्यसपछि पेरोलमा बाहिर रहेका निस्किएका जोगिन्दरले दाजुको मृत्युको बदला लिन जयदिप शर्मा नामक व्यक्तिको हत्या गरेका थिए । शर्माले दाजुको सुराकी प्रहरीलाई दिएको उनको आरोप थियो ।

त्यसपछि उनी भागेर नेपाल प्रवेश गरेको दिल्ली पुलिसका अधिकारीहरुले काठमाडौंका सुरक्षा अधिकारीहरुलाई जानकारी दिएका छन् । स्रोतका अनुसार, एक जना अर्का फरार अपराधीको सहयोगमा जोगिन्दर पूर्वी नाकाबाट नेपाल प्रवेश गरेका थिए ।






'त्यसपछि उनी धरानमा गएर एउटा फ्ल्याट भाडामा लिएर बसेको पाइएको छ', एक प्रहरी अधिकृतले भने, 'धरानमा दुई वर्ष बसेका बेला उनले नेपाली नागरिकसँग विवाह गरेको समेत भेटिएको छ ।' सुरक्षा स्रोतका अनुसार, धरानमा जोगिन्दर कपडा व्यवसायीको आवरणमा बस्दै आएका थिए ।

'त्यहाँ उनी आफ्नो फ्ल्याट नजिकै बस्ने एक युवतीसँग नजिकिएका थिए, पछि उनैसँग विवाह पनि गरेको पाइएको छ', स्रोतले भन्यो, 'सन् २०२० मा फिलिपिन्स जाँदा उनले ती युवतीलाई पनि लगेको अध्यागमन विभागको रेकर्डमा देखिन्छ ।'

स्रोतका अनुसार, त्यसबेलासम्म उनको एउटा बच्चा पनि भइसकेको थियो । पछि २०२४ मा आउँदा युवती र बच्चालाई काठमाडौंमै छाडेर उनी फर्किएको पाइएको छ ।

'तर उनी पक्राउ पर्नु अघिसम्म पनि कान्त गुप्ता अपराधिक पृष्ठभूमिका व्यक्ति हुन् भन्ने ती युवतीलाई थाहा रहेनछ', स्रोतले थप्यो, 'नेपालीमा सुरक्षित साथ बस्नलाई उनले यहीं गृहस्थी गरेको जस्तो देखिन्छ ।' अहिले ती युवती काठमाडौंको पेप्सीकोला क्षेत्रमा बस्दै आएकी छन् ।

### प्रशासनका अधिकारीहरूको संलग्नता आशंका

नेपाल प्रहरी स्रोतका अनुसार, अध्यागमन विभागबाट जोगा डनको विवरण हेरेपछि राहदानी विभागसँग थप विवरण मागिएको थियो । त्यसक्रममा उनको नागरिकता र राहदानी मात्र फेला परेको छ भने सम्बन्धित अन्य कुनै पनि कागजात नभेटिएको स्रोतले संचारकर्मीसँग बताएको छ ।

'प्रशासनबाट नागरिकता र राहदानी जारी भएको छ, तर अरु कुनै पनि कागजात भेटिँदैन', एक सुरक्षा अधिकृतले भने, 'यसमा प्रशासनका अधिकारीहरुको पनि संलग्नताको आशंका छ ।'

विदेशी नागरिकलाई नागरिकता दिइएको अरु मामलाबारे समेत जाँच गरेका एक अधिकृतको भनाइमा, जोगिन्दरले प्रयोग गरेको नागरिकता र राहदानी जारी गर्दा पेश गर्नुपर्ने विवरणहरु फेला नपर्नु अनौठो हो । यसपछि नेपाली सुरक्षा अधिकृतहरुले भारतीय प्रहरीसँग समेत समन्वय गरेका थिए ।

त्यसक्रममा दिल्ली पुलिसका अधिकृतहरुले आरोपी जोगिन्दरसँगै नेपाली नागरिकता र राहदानी कसरी बनाएको भनेर सोधपुछ गरेका थिए ।

त्यसक्रममा उनले जनकपुरमा एक जना बिचौलियाले अढाइ लाख नेपाली रुपैयाँमा ती कागजात बनाइदिएको खुलाएका छन् । भारतीय पक्षले त्यसरी र कम लिने व्यक्तिको नाम समेत नेपाल प्रहरीलाई दिएका छन् ।

'पहिले बिहार बस्ने ती व्यक्ति जनकपुर आएर भारतीय अपराधीलाई नेपाली कागजात बनाइदिने काम गर्दा रहेछन्', स्रोतले भन्यो, 'उनले पहिले पनि अपराधीलाई राहदानी बनाइदिएकाले त्यही कनेक्सनमार्फत जोगिन्दर ऊसम्म पुगेको रहेछ ।' यसमा अरु को-को नेपाली अधिकारी जोडिएका छन् भन्ने विषय चाहिँ विस्तृत जाँचको विषय भएको अधिकारीहरु बताउँछन् ।

### जोगा डन : जो सांसदसँगै फिरौती माग्थे

दिल्ली पुलिसको स्पेशल सेलका एसीपी प्रमोद सिंह कुशवाहाका अनुसार, जोगिन्दर एक खुंखार डन हुन् । 'उनले कर्नाल, पानीपत, कैथल लगायतको क्षेत्रमा चिकित्सक, ठेकेदार, मदिरा व्यवसायी र अन्य आर्थिक रुपमा सम्पन्न व्यक्तिहरुसँग जबरजस्ती रकम असुली गरेर आतंक फैलाएका थिए', जोगिन्दर पक्राउ पर्दा जारी गरेको विज्ञप्तिमा उनले लेखेका छन्, 'विदेशमा बसेर अपराध गरेका उनलाई सन् २००८ मा पनि उनलाई दक्षिण अफ्रिकाबाट समातेर ल्याएका थियौं ।'

जेलबाट छुटेपछि उनले फेरि गम्भीर अपराध गरेर नेपाल भागेको उनले उल्लेख गरेका छन् । 'त्यसपछि उनी कानूनबाट बच्न २०२० मा नेपाल हुँदै फिलिपिन्स गएका थिए', उनले भनेका छन्, 'उनी तिनै अपराधी हुन्, जसले इण्डियन नेशनल कंग्रेसका नेता रणदीप सिंह सुरजेवालालाई ज्यान मार्ने धम्की दिएका थिए ।'

सन् २०२५ को जनवरीमा राज्यसभा सदस्य सञ्जय यादवलाई ज्यान मार्ने धम्की आएको सार्वजनिक भएको थियो, त्यसमा पनि जोगिन्दरको नाम जोडिएको दिल्ली पुलिसको स्पेशल सेलले भनेको छ । त्यसबेला यादवलाई २० करोड रुपैयाँ फिरौती मागिएको थियो ।

अधिकारीहरुका अनुसार, फिलिन्सि गएपछि पछिल्लो समय उनले त्यहींबाट आफ्नो आपराधिक संगठन चलाउँदै आएका थिए ।

'फिलिपिन्सबाटै आफ्नो समूहलाई पुनः संगठित गरेर उनले असुलीको धन्दा थालेको पाइएको छ', दिल्ली पुलिसको स्पेशल सेलले भनेको छ, 'उनी र प्रहरी मुठभेडमा मारिएका सुरेन्द्र ग्याङस्टर कौशल चौधरीका सक्रिय सहयोगी पनि थिए, जसको माध्यमबाट उनीहरु खालिस्तानी टाइगर फोर्स (केटीएफ) का आतंककारी अर्स डल्ला र लक्की पटियालसँग समेत नजिकको सम्पर्कमा थिए ।'

चौधरी भारतका चर्चित ग्याङस्टर लरेन्स विश्नोईको प्रतिष्पर्धी समूहको नेतृत्व गर्छन् । दिल्ली पुलिसले जोगिन्दरको गिरफ्तारी र यसपछि हुने अनुसन्धान अपराधी-आतंवादी नेक्ससका लागि एउटा ठूलो झट्का साबित हुने भनेको छ ।

### पुरानै श्रृंखला, हुँदैन गम्भीर अनुसन्धान

अन्तर्राष्ट्रिय अपराधिक समूहका व्यक्तिले नेपाली नागरिकता र राहदानी बनाएको भेटिएको यो पहिलो पटक होइन । सन् २०२० को जनवरीसम्म नेपालमा लुकेर बसिरहेका अन्डरवर्ल्ड डन छोटा राजनका सहयोगी एजाज युसुफ लकडावालले चितवनबाट नेपाली नागरिकता लिएको खुलेको थियो । दिल्ली प्रहरीले नै उनलाई ट्र्याक गरेपछि लकडावालले लक्ष्मण चौधरीको नाममा नागरिकता लिइसकेको खुलेको थियो ।

नेपाल प्रहरीको विशेष ब्यूरो स्रोतका अनुसार, भारतीय पक्षले उनी नेपालमा लुकेर बसेको भन्दै पटक-पटक खोजी गरिदिन अनुरोध गरेको थियो । सन् १९९२ सम्म दाउद इब्राहिमको समूहमै काम गरेका इजाज मुम्बई विस्फोटपछि छोटा राजनसँगै डि-कम्पनीबाट छुट्टिएका थिए ।

सुनसरीको हरिनगरा गाउँपालिका, भुटाहा बजारमा ५ असोज २०७५ मा गोली हानी हत्या गरिएका खुर्सिद अन्सारीमाथि पनि भारतीय पक्षले 'आतंकवादी'लाई नेपाली नागरिकता बनाइदिन सहयोग गरेको आरोप लगाउँदै आएको थियो ।

नेपाल प्रहरीको आतंकवाद मामला हेर्ने विशिष्टकृत निकाय विशेष ब्यूरोका अधिकृतहरुका अनुसार, सन् २००० मा बनारस, गोरखपुर, अहमदावाद, लखनऊ, दिल्ली लगायत स्थानमा भएको शृंखलाबद्ध बम विस्फोटको घटनामा संलग्न चार जनालाई नेपाली नागरिकता बनाइदिन सहयोग गरेको आरोप उनीमाथि भारतीय पक्षले लगाएको थियो ।

उनीहरुको दाबीमा, बम विष्फोट प्रकरणका आरोपी डा. सहनवाज, अबु रसिद, मोहम्मद खनिद र सलमान शेख खुर्सिदकै घरमा बसेको थिए भने पछि त्यहींबाट जारी नागरिकता र राहदानीको आधारमा विदेश भागेका थिए ।

अपराधिक गिरोहका सदस्यले नेपाली नागरिकता र राहदानी लिएको श्रृंखला यतिमा मात्र सीमित छैन । दुई वर्षअघिको ६० सुन तस्करी प्रकरणका आरोपीदेखि नेपालमा बसेका तिब्बती नागरिकले समेत नेपाली नागरिकता बनाएको भेटिएको उदाहरणहरु छन् । यस्तोमा प्रशासनले नागरिकता र राहदानी मामलामा आउने यस्ता सूचनाहरुलाई गम्भीरताका साथ लिएर संलग्नलाई कारबाही गर्नुपर्ने जानकारहरु बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# होलीलाई अनुशासित, मर्यादित मनाउन प्रशासनको अनुरोध




साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ जिल्ला प्रशासन कार्यालय मकवानपुरले होलीलाई अनुशासित, मर्यादित र व्यवस्थित तवरले मनाउन अनुरोध गरेको छ ।

कार्यालयले मंगलबार सूचना जारी गर्दै आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकार, खुशी एवम् स्वतन्त्रता संकुचित नहुने गरी होली मनाउन आग्रह गरेको हो ।

सांस्कृतिक एकताको पर्व होली मनाउने नाममा हालैका वर्षमा अनावश्यक तडकभडक सहित विभिन्न खर्चिला र भड्किला कार्यक्रम हुने गरेको पाइएको सूचनामा उल्लेख गरिएको छ ।

होली अवसरमा शान्ति सुव्यवस्थामा प्रतिकूल असर पर्ने गरी सार्वजनिक स्थलमा होहल्ला गर्ने, झैझगडा गर्ने, कसैको इच्छाविपरित जवरजस्ती रंग दल्ने, पानीको वेलुन/लोला हान्ने, पानी छ्याप्ने, पानीको फोहोरा हान्ने, कसैलाई इच्छाविपरित मादकपदार्थ वा नसालुपदार्थ सेवन गराउने, मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउने, व्यक्तिको पारिवारिक तथा सामाजिक जनजीवन र सामाजिक मर्यादामा खलल पार्ने जस्ता अमर्यादित गतिविधि नगर्न पनि प्रशासनले आग्रह गरेको छ ।

# लागूऔषध ट्रामाडोल सहित ३ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ मकवानपुर प्रहरीले लागूऔषध ट्रामाडोल सहित ३ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा-१४ मयुरधापका २२ वर्षीय विकास तिमल्सिना, २६ वर्षीय कैलाश लामा र ३३ वर्षीय प्रकाश मगर रहेको प्रहरीले जनाएको छ ।

उनीहरुलाई प्रहरीले हेटौंडा-१४ मयुरधापचोक नजिकै भित्री सडकखण्डबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिएका छन् । विशेष सूचनाको आधारमा अस्थायी प्रहरीपोष्ट मयुरधापबाट खटिएको प्रहरी गस्तीटोलीले खानतलासी गर्दा शरीरमा लुकाईछिपाई राखेको अवस्थामा ट्रामाडोल १२० पिस बरामद गरेको प्रवक्ता अर्यालले बताए । मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
मकवानपुर, हेटौंडा

## सूर्तीजन्य पदार्थको बिक्री वितरण बन्द गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना !

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमित) गर्ने ऐन, २०६८ को दफा ११ उपदफा (३) मा कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तिमा एकसय मिटरभित्रको घर पसलबाट सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न गराउन नपाउने व्यवस्था बमोजिम माथि उल्लेखित स्थानबाट कम्तिमा एक सय मिटरभित्रको क्षेत्रमा सूर्तिजन्य पदार्थ बिक्री वितरण नगर्न नगराउन सम्बन्धित सबैमा सूचित गरिन्छ। यस कार्यालयबाट अनुगमनको क्रममा उपरोक्त व्यवस्थाको उलैन गरेको पाइएमा सम्बन्धित व्यक्ति वा पसललाई ऐ. ऐनको दफा १७ को उपदफा (५) (घ) बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, मकवानपुर**

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
मकवानपुर, हेटौंडा

## सूचना ! सूचना ! सूचना !

यही मिति २०८१ साल फागुन २९ गते बिहीबारको दिन परेको रंगहरुको पर्व होलीको अवसरमा सम्पूर्ण आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा जिल्ला प्रशासन कार्यालय परिवार हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ । ऐतिहासिक महत्व बोकेको यस सांस्कृतिक पर्वले सामाजिक सद्भाव र भाइचारा कायम गर्दै न्यायपूर्ण र समतामूलक समाज निर्माणमा प्रेरक भूमिका निर्वाह गर्दै आएको छ ।

सांस्कृतिक एकताको पर्व होली पर्व मनाउने नाममा हालैका वर्षहरुमा अनावश्यक तडकभडक सहित विभिन्न खर्चिला र भड्किला कार्यक्रमहरु समेत हुने गरेको पाइएको छ । होली पर्वको अवसरमा शान्ति सुव्यवस्थामा प्रतिकूल असर पर्ने गरी सार्वजनिक स्थलहरुमा होहल्ला गर्ने, झैझगडा गर्ने, कसैको इच्छा विपरित जबरजस्ती रंग दल्ने, पानीको बेलु/लोला हान्ने, पानी छ्याप्ने, पानीको फोहोरा हान्ने, कसैलाई इच्छाविपरित मादक पदार्थ वा नसालु पदार्थ सेवन गराउने, मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने, व्यक्तिको पारिवारिक तथा सामाजिक जनजीवन र सामाजिक मर्यादामा खलल पार्ने जस्ता अमर्यादित गतिविधी नगर्न नगराउन जिल्ला प्रशासन कार्यालय सबैमा हार्दिक अनुरोध गर्दछ ।

आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकार, खुशी एवं स्वतन्त्रता संकुचित नहुने गरी यो सांस्कृतिक पर्व होलीलाई अनुशासित, मर्यादित र व्यवस्थित तवरले मनाउनुहुन अनुरोध छ । यस सूचनालाई समेत वेवास्ता गरी कोही कसैले यस्ता अमर्यादित, उच्छृंखल, अवाञ्छित र गैरकानूनी क्रियाकलाप गरेमा प्रचलित कानून बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

## सटर भाडामा

मेनरोड हेटौंडा-१०, बैकरोड, भूटनदेवी मोड नजिक २ वटा सटर,अफिसको लागि कोठा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८४९०१०३३६**

## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- ☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- ☞ नयाँ मोडलको गाडीहरु ।
- ☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- ☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**सामाजिक विकास कार्यालय**
फोन नं. ०५७-४१२७१६

## सीप विकास तालिम सञ्चालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८१/११/२८ गते)*

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम अनुसार २०८१ चैत्र महिनादेखि संचालन गरिने देहाय अनुसारका सीप विकास तालिमहरुमा सहभागि हुन इच्छुक निम्न योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र दरखास्त फारम भरी यस कार्यालमा (कार्यालय समय भित्र) पेश गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित भएको छ ।

**१. संचालन हुने तालिमहरू:**

| सि.नं | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | परीक्षा तथा अन्तरवार्ता हुने मिति | आवेदन फाराम पाईने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | विद्युत जडान वेसिक | ३ महिने/३९० कार्य घण्टा | २५ | ८ कक्षा उतिर्ण | कार्यालय भवन, हेटौंडा-८ कमाने | २०८१/१२/०६ गते विहान १०:३० बजे देखी | यस कार्यालयमा वा यस कार्यालयको वेबसाईट (https://sdohetauda.bagamati.gov.np) बाट फाराम डाउनलोड गर्न सकिने छ । |

**तालिम लिन ईच्छुक उम्मेदवारहरूले पालना गर्नुपर्ने शर्तहरू:**

१. प्रशिक्षार्थी आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टांसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०८१/१२/०५ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म कार्यालयमा पेश गर्नुपर्नेछ ।
२. तालिममा सहभागि हुने उम्मेदवारहरुको छनौट अन्तर्वाता तथा आवश्यकता अनुसार लिखित परिक्षाद्वारा गरिनेछ साथै अर्न्तवार्ताका लागी तोकिएको मितिमा कार्यालयमा आफ्नो सक्कल कागजातहरु सहित उपस्थित हुनुपर्ने छ ।
३. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम संचालन मिति नतिजा प्रकाशनको दिन तोकिने छ ।
४. तालिममा गरिब, विपन्न, दलित, महिला, पिछडिएको वर्ग समुदाय, अपाङ्ग, जनआन्दोलनमा घाईते शहिद परिवार तथा एकल महिलालाई प्राथमिकता दिईनेछ ।
५. तालिम लिन ईच्छुक उम्मेदवारहरु शारिरीक र मानसिक रुपमा स्वास्थ्य र उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
६. सञ्चालन हुने तालिमहरु ३ महिने/३९० कार्य घण्टा तालिमको हकमा दैनिक औसत ५ देखी ६ घण्टा तालिम सञ्चालन हुनेछ।
७. थप जानकारीको लागी कार्यालयको वेवसाइट https://sdohetauda.bagamati.gov.np र फोन नं. ९८४५१०२९९७ मा सम्पर्क गर्न सकिने छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना